मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरुसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २७ ★ अङ्क : ३३६ ★ ने. सं. ११४६ पोहेला थ्व, चतुर्थी ★ बुधबार ★ ९ पुस, २०८२ ★ December 24, 2025, Wednesday ★ मूल्य रु.५।- ★ पृष्ठ ८



दक्षिणी अमेरिकी देश भेनेजुयलाको राजधानी काराकसमा संरा अमेरिकाको ट्रम्प प्रशासनले गरिरहेको हस्तक्षेप र आक्रमणको तयारीविरुद्ध प्रदर्शनमा उत्रेका मोटरसाइकल राइडरहरू डिसेम्बर २२, २०२५ का दिन । हजारौँ राइडरहरूले राष्ट्रपति निकोलस मादुरो नेतृत्वको सरकारप्रति ऐक्यबद्धता जाहेर गरेका छन् ।

*तस्बिर : माटियास डेलाक्रोक्स/एपी*

# नेपाल-भारत सीमा सुरक्षित गर्नु जरुरी

काठमाडौँ, ८ पुस । देश जोगाउने र बनाउने पक्षमा शासकहरू लागेको देखिँदैन । भारतीय पक्षले सीमा मिचेको मिचेकै छ । नेपाल-भारत सीमामा रहेका सीमा स्तम्भहरू भारतीय पक्षले उखेल्ने र सार्ने काम गरिरहेको छ । सीमा स्तम्भ सारे पनि शासकहरूलाई कुनै मतलब छैन । कति सीमा स्तम्भहरू जीर्ण भइसकेका छन्, कति ठाउँमा अवशेषमात्र बाँकी रहेको अवस्थामा छ । सीमा स्तम्भ जे जस्तो भए पनि सरकारलाई मतलब छैन । सीमा स्तम्भ नभएर या सारेर भारतले नेपाली भूमि धेरै मिचिसकेको छ । नेपाली भूमि साँगुरिँदै छ । जति पहिले नेपालको क्षेत्रफल थियो; अहिले सायद हुँदैन । भारतीय पक्षले सीमा मिचेपछि मिचेको भूमि फिर्ता लिन सरकारले पहल गर्नुपर्ने हो; स्थानीय प्रशासनको ध्यान जानुपर्ने हो । तर, भारतीय शासकहरूदेखि नेपालका शासकहरू बोल्ने आँट गर्दैनन् या नेपाली शासकहरू उनीहरूदेखि डराउँछन् ।

पुस ८ गतेको 'समाचारपत्र' दैनिकमा 'सीमा स्तम्भ मर्मतमा किन गएन सरकारको ध्यान ?' शीर्षकको समाचार छापियो । समाचारमा ४ हजार ३ सय ८८ सीमा स्तम्भ जीर्ण अवस्थामा रहेको उल्लेख छ । देशको सार्वभौमिकता, भौगोलिक अखण्डता र सीमा सुरक्षाको निम्ति राखिएको नेपाल-भारत सीमाका स्तम्भहरू जीर्ण भए पनि सरकारको किन ध्यान जाँदैन भनी सीमाविद्हरूले चिन्ता व्यक्त गर्न थालेका छन् । सीमाविद् बुद्धिनारायण श्रेष्ठले सिमानाको काममा बेवास्ता गर्दा राष्ट्रको भौगोलिक अखण्डतामा प्रतिकूल असर परिरहेको हुँदा त्यसतर्फ सरकारले तत्काल ध्यान दिन आवश्यक पर्ने बताएका छन् ।

हरेक सरकारले आफ्नो सीमा सुरक्षित राख्नुपर्छ । सीमा मिच्न दिनु हुँदैन । कसैले सीमा मिचेमा सरकारले फिर्ता लिन आग्रह गर्नुपर्छ या कूटनीतिक प्रयास गर्नुपर्छ । सीमा सारेमा, हटाएमा, जीर्ण भएमा सरकारले तुरुन्तै सीमाको व्यवस्था गर्नुपर्छ । समयमा सीमा सुरक्षित

*बाँकी पृष्ठ २ मा*

# वागीश्वरी माविमा नि:शुल्क जन्मजात हृदयरोगको प्रारम्भिक परीक्षण उपचार शिविर सञ्चालन



भक्तपुर, ८ पुस । भक्तपुर नगरपालिकाको आयोजना र मित्र राष्ट्र चीनको युनानस्थित फुवाई युनान कार्डियो भास्कुलर अस्पतालमा कार्यरत विज्ञ चिकित्सकहरूको सहभागितामा मङ्गलबार भक्तपुरको वागीश्वरी माध्यमिक विद्यालय कमलविनायकमा विद्यार्थीहरूको नि:शुल्क मुटु परीक्षण शिविर शुभारम्भ भयो ।

कार्यक्रमको शुभारम्भ गर्दै नगर प्रमुख प्रजापतिले मुटु शरीरको अत्यन्त महत्त्वपूर्ण र संवेदनशील अङ्ग भएको हुँदा मुटुमा हुने कुनै पनि किसिमको समस्याले मानव जीवनलाई नै जोखिममा कम गर्न सक्ने हुँदा सजग हुनुपर्ने बताउनुभयो ।

चार दिन सञ्चालन हुने मुटुरोगको प्रारम्भिक परीक्षण शिविरमा भक्तपुरका ३५ हजारभन्दा बढीको मुटु परीक्षण हुने बताउँदै उहाँले भविष्यमा हुने जोखिम नियन्त्रणमा यसले महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो ।

अन्नपूर्ण न्युरो अस्पतालका निर्देशक डा. वसन्त पन्तले मुटु परीक्षण शिविर सञ्चालनसँगै भक्तपुरमा सम्भाव्यता अध्ययनमा पनि जोड दिने बताउनुभयो ।

कार्यक्रममा नगर शिक्षा शाखा भक्तपुरका रामेश्वर मचामसीले बागीश्वरी कलेज केन्द्रमा ३ हजार ६३६ जना विद्यार्थीको मुटुको परीक्षण, न्यातापोल सेकेन्डरी स्कूलमा १४५४, वागीश्वरी मावि च्यामासिंहमा २४७७, खोप्रिङ इङ्ग्लिस एकेडेमीमा ११८७ गरी ८७३४ जनाको गरिने अवगत गराउनुभयो । शिविरमा भक्तपुर नगरपालिकाबाट सञ्चालित ख्वप अस्पतालले प्राविधिक सहयोग गरेको थियो ।

# दोधारा-चाँदनी नगरमा प्रशिक्षण

कञ्चनपुर, ८ पुस । नेपाल मजदुर किसान पार्टी दोधारा- चाँदनी नगर समितिको आयोजनामा विश्व सर्वहारावर्गका महान् गुरु स्तालिनको १४७ औँ र माओ त्सेतुङको १३२ औँ जन्म दिवसको अवसरमा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले स्तालिन र माओ त्सेतुङले कामदारवर्गको लागि समाजवादी व्यवस्था स्थापना गरेको बताउँदै हाम्रो पार्टीको उद्देश्य समाजवादी व्यवस्था स्थापना गर्ने हो; यसले कामदार जनताको हित हुने बताउनुभयो । उहाँले युवाहरूले आफ्नो देशमा रोजगारी पाउने व्यवस्था गर्नुपर्छ भन्नुभयो । उहाँले शासक दलका कमीकमजोरीलाई

*बाँकी पृष्ठ ८ मा*

## उपभोक्ताको सूचना पाउने हक सुनिश्चित गरौं ।

❖वस्तु तथा सेवा प्रदायकले आफ्नो उत्पादन/सेवाका बारेमा तथ्यपूर्ण जानकारी दिऔं।
❖गुणस्तर, मूल्य, मात्रा, प्रयोगको अन्तिम म्याद, जोखिम तथा प्रयोग विधि सार्वजनिक गरौं।
❖झुट्टा दावी, भ्रमपूर्ण प्रचार, अतिरञ्जित विज्ञापन नगरौं/नगराऔं।
❖उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गरौं/गराऔं।
❖उपभोक्ताको तथ्यपूर्ण सूचना पाउने हकको संरक्षण गरौं।
❖उपभोक्ता हकको संरक्षणलाई सामाजिक जिम्मेवारीका रूपमा लिऔं।
❖सबै वर्ग र समुदायका उपभोक्ताले सजिलै बुझ्ने भाषा, माध्यम र प्रस्तुति गरौं।
❖अनुचित व्यापारिक क्रियाकलाप तथा उपभोक्ता छल्ने प्रवृत्तिको अन्त्य गरौं।
❖उपभोक्तालाई मर्का परे उजुरी दिने लिने व्यवस्था मिलाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

AI-Assisted Content





**टनेलमा तरकारी खेती**
काठमाडौंको तारकेश्वर नगरपालिका- ७ स्थित फुटुङमा किसानले व्यावसायिक रूपमा टनेलमा गरेको तरकारी खेती।
*तस्बिर: हरिराम भेटुवाल/रासस*

# निर्वाचन ७२ दिन बाँकी : यस्तो अवस्थामा हुनेछ समानुपातिकतर्फको सूचीबाट अयोग्य

काठमाडौं, ८ पुस। सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउनेगरी बहाल रहेका कुनै पनि व्यक्ति राजनीतिक दलका तर्फबाट समानुपातिकतर्फको उम्मेदवारको सूचीमा रहेको भए अयोग्य हुने व्यवस्था गरिएको छ।

निर्वाचनसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको भए पनि उम्मेदवार अयोग्य हुनेछन्। निर्वाचन आयोगले आगामी फागुन २१ गतेका लागि प्रतिनिधिसभा सदस्यको निर्वाचनको मिति तय गरेको छ। कूल २७५ सदस्यीय प्रतिनिधिसभामा १६५ जना प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत निर्वाचित हुनेछन्। यस्तै, ११० जना भने समानुपातिक निर्वाचन प्रणालीमार्फत चयन हुने व्यवस्था छ।

पछिल्लो पटक आयोगले समानुपातिक निर्वाचन प्रणालीका सम्बन्धमा एक समिति गठनगरी आवश्यक अध्ययनसमेत गराएर जनसङ्ख्याका आधारमा प्रतिशत निर्धारण गरिसकेको छ। प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन (पहिलो संशोधन) निर्देशिका, २०८२ अनुसार भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, आगुऔषध बिक्रीवितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरूपयोग, अपहरणसम्बन्धी कसुर गरेकालाई अयोग्य घोषणा गरिनेछ।

नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाई वा कुनै कसुरमा जन्मकैद वा २० वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको भए पनि त्यस्ता उम्मेदवार अयोग्य हुने व्यवस्था छ। सङ्गठित अपराधसम्बन्धी कसुरमा कैदको सजाय पाई वा कर्तव्य ज्यानसम्बन्धी कसुरमा २० वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गेको मितिले छ वर्ष पूरा नभएकासमेत अयोग्य हुने कानुनी प्रबन्ध छ।

जातीय भेदभाव तथा छुवाछुत, बोक्साबोक्सी वा बहुविवाहसम्बन्धी कसुरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएका उम्मेदवार हुन पाउँदैनन्। प्रचलित कानुनबमोजिम कालोसूचीमा रहेकामा सो अवधिभर, कैदमा बसेकामा कैद बसेको अवधिभर, मानसिक सन्तुलन ठीक नभएको, विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त गरेको व्यक्ति उम्मेदवार हुन पाउँदैनन्।

नेपालको नागरिक, कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको, २५ वर्ष उमेर पूरा भएको, कुनै सङ्घीय कानुनले अयोग्य नभएको, कुनै लाभको पदमा बहाल नरहेको उम्मेदवार भने योग्य हुने प्रबन्ध छ। **रासस**

# माथिल्लो मुस्ताङमा जाडो थेग्न गुइँठाको भर

मुस्ताङ, ८ पुस। माथिल्लो मुस्ताङको तापक्रम माइनस २० डिग्रीसम्म पुग्छ। हिउँदयामको समय माथिल्लो मुस्ताङको जनजीवन चिसोका कारण प्रभावित बनेको छ। माथिल्लो मुस्ताङमा हिउँदयामको जाडो छल्न अधिकांश नागरिक बेँसी झरिसकेका छन्। केही व्यक्ति घरकुरुवा र पशुचौपायाको रेखदेखमा बसेका छन्।

हिउँदयाममा माथिल्लो मुस्ताङका अधिकांश नागरिक जाडो छल्न बेँसी झरिसकेपछि यतिबेला लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाका ग्रामीण बस्ती सुनसान बनेका छन्। हिउँदयामको मौसममा बेँसी नझरी गाउँमै बसेका स्थानीय नागरिकलाई चिसो थेग्न मुश्किल परेको छ। विद्युत् र सञ्चार सेवा अनियमित हुनु, चिसोका कारण घरका धारा, सेफ्टी ट्याङ्की चिसो भइ बरफ बनेर जम्न थालेपछि स्थानीयको दैनिकीमा प्रतिकूल असर पुग्याएको छ। चिसोका कारण गाउँमा बसेका स्थानीयको स्वास्थ्यमा असर पुर्‍याउनसक्ने जोखिम छ।

माथिल्लो मुस्ताङका नागरिकले हिउँदयामको जाडो थेग्न गुइँठाको साहारा लिन थालेका छन्। सुक्खा पठार माथिल्लो मुस्ताङमा वनजङ्गल नहुँदा दाउराको समस्या छ। बर्खायाममा विद्युत् र ग्यासको प्रयोग हुने भए पनि त्यहाँका नागरिकले पशुचौपायाको गोबरलाई गुइँठा बनाएर ऊर्जाका रूपमा प्रयोग गर्दै जाडो कटाउने गर्छन्।

लोमान्थाङ-३ ठिङ्गरका पासाङ गुरुङले माथिल्लो मुस्ताङमा बर्सेनि एक बालीमात्रै खेतीपाती हुने भएको पशुचौपायाको गोबरलाई गुइठा बनाएर ऊर्जाका रूपमा प्रयोग गर्ने प्रचलन रहेको जानकारी दिनुभयो। यहाँका खेतबारीमा चाहिने पशुचौपायाको गोबर मल बढी हुने भएकाले घाममा सुकाएर गुइँठा बनाएर आगो ताप्ने, पानी तताउने र खानेकुरा पकाएर खान प्रयोग गर्ने गरिएको जानकारी दिनुभयो।

माथिल्लो मुस्ताङमा ठूलो सङ्ख्यामा स्थानीय नागरिकले याकचौँरी र भेडाच्याङ्ग्रापालन व्यवसाय गर्ने गरेका छन्। यिनै याकचौँरी र भेडाच्याङ्ग्राको गोबरलाई स्थानीयले लगातार घाममा सुकाएर गुइँठा तयार गर्ने गर्छन्। यद्यपि, यो प्रचलन माथिल्लो मुस्ताङमा सदियौँदेखि निरन्तर चल्दै आइरहेको छ।

माथिल्लो मुस्ताङमा याकचौँरीको गोबर र भेडाच्याङ्ग्राको जुतोलाई लगातार घाममा सुकाएर गुइँठा तयार गरेपछि बोराभित्र भण्डारण गरी राखिन्छ। यसरी राखिएको गुइँठालाई आवश्यकताअनुसार ऊर्जाका रूपमा प्रयोग गर्ने गरिएको लोमान्थाङ-२ किम्लिङका ढिन्डुक गुरुङले उल्लेख गर्नुभयो। यहाँका पशुचौपायाको गोबरबाट तयार गरिएको गुइँठा दाउराभन्दा राम्रो खपत हुने भएकाले जाडो महिनामा आगो ताप्न र खानेकुरा पकाएर खान इन्धनका रूपमा प्रयोग गर्न सहज भएको गुरुङको भनाइ छ।

खेतबारी र चरन क्षेत्रमा खेर गइरहेका पशुचौपायाको आलो गोबर सङ्कलन गरी स्थानीयले गुइँठा बनाउँछन्। यसरी यहाँ गुइँठालाई ऊर्जाका रूपमा प्रयोग गर्न थालिएपछि दाउराको विकल्पमा गुइँठा भरपर्दो माध्यम बनेको हो। माथिल्लो मुस्ताङमा गुइँठाको प्रयोगले विद्युत् र ग्यासको खपत कम गरी आर्थिक बचतमा योगदान पुऱ्याएको छ। **रासस**

# पाँच महिनामा वीरगञ्ज नाका हुँदै तीन खर्ब ५९ अर्बका सामान भित्रियो

वीरगञ्ज (पर्सा), ८ पुस। वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको पाँच महिनामा रु. तीन खर्ब ५९ अर्ब २३ करोड मूल्य पर्ने वस्तु तथा सामान आयात भएका छन्।

गत आर्थिक वर्षको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा १७ प्रतिशत अर्थात् रु. ५३ अर्ब ३२ करोड बढी मूल्यका सामान आयात भएको हो। जबकि गत आवको पाँच महिनामा भने रु. तीन खर्ब छ अर्ब एक करोड मूल्यबराबरका सामान भित्रिएको थियो।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकृत उदयसिंह विष्टले चालु आवको पाँच महिनामा आयात वृद्धि भएसँगै राजस्व सङ्कलन पनि उल्लेखनीय वृद्धि भएको बताउनुभयो। चालु आवको पाँच महिनामा रु. ७२ अर्ब २८ करोडको पेट्रोलियम पदार्थ भित्रिएको छ। त्यसैगरी, रु. ३१ अर्ब ६५ करोडको फलाम तथा फलामबाट बनेका सामान भित्रिएका छन्।

रु. २४ अर्ब ६० करोड मूल्य पर्ने मेसिनरी तथा पार्टपुर्जा आयात भएका छन् भने रु. २२ अर्ब ८५ करोड मूल्य पर्ने भटमासको कच्चा तेल आयात भएको छ। **रासस**

# ब्यासीमा स्तालिन र माओ जन्म दिवसमा प्रवचन

भक्तपुर ८ पुस। नेपाल मजदुर किसान पार्टी सानो ब्यासी एकाइ समितिको आयोजनामा स्तालिनको १४७ औं र माओ त्सेतुङको १३२ औं जन्म दिवसको अवसरमा सोमबार प्रवचन कार्यक्रम भयो।

उक्त कार्यक्रममा जीपी लासिवाले आत्म- आलोचनाले राजनीतिक कार्यकर्ताहरू सुसूचित हुने भनाइ राख्नुभयो।

स्तालिन र माओको जन्म स्मरण गर्नु भनेको समाज परिवर्तन र समाजवादी व्यवस्था स्थापनाको लागि सर्वहारावर्गका महान् नेताहरूले पुँजीवादी र साम्राज्यवादीसामु कसरी सामना गरे र राजनीतिक सिद्धान्त र विचार विश्वसामु फैलाएर जनतालाई कसरी सचेत र सङ्गठित पारे भन्ने कुराको ज्ञान हासिल गर्नको लागि हो भन्नुभयो।

कम्युनिस्ट पार्टीले कम्युनिस्ट आचरणअनुसार गतिविधि गर्नुपर्ने औचित्यमाथि प्रकाश पार्दै उहाँले नेपालको वर्तमान अस्थिर परिस्थितिमा अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादले प्रत्यक्ष चलखेल गरिरहेको बताउनुभयो।

नेमकिपा वडा नं. २ का अध्यक्ष रत्नकाजी नायोभारीले स्तालिनको आफ्नो जीवन देश र जनताको लागि बिताउनुभएको विचार व्यक्त गर्नुभयो।

आयोजक समितिका अध्यक्ष सरोज दथेपुथेको सभापतित्वमा भएको उक्त कार्यक्रममा समितिका सदस्य पवनकृष्ण सुवालले पनि बोल्नुभएको थियो। कार्यक्रममा स्तालिन र माओ त्सेतुङको जीवनीमा आधारित वृत्तचित्र प्रस्तुत गरिएको थियो।

# पाँच महिनामा साढे छ खर्ब व्यापार घाटा

काठमाडौं, ८ पुस। चालु आर्थिक वर्ष २०८२/८३ को मङ्सिर मसान्तसम्म मुलुकले कूल रु. आठ खर्ब ८२ अर्ब ६९ करोड ८२ लाख २९ हजारको वैदेशिक व्यापार गर्दा रु. छ खर्ब ४९ अर्ब ६८ करोड बढी व्यहोरेको छ।

भन्सार विभागले सार्वजनिक गरेको पाँच महिनाको वैदेशिक व्यापारको स्थिति प्रतिवेदनअनुसार यो अवधिमा रु. सात खर्ब ६६ अर्ब १८ करोड ९१ लाखको आयात र रु. एक खर्ब १६ अर्ब ५० करोडको निर्यात भएको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात १५ दशमलव ८३ र निर्यात ५८ दशमलव १७ प्रतिशतले बढेको विभागले जनाएको छ।

भारतसँग मात्र पाँच महिनामा रु. तीन खर्ब ३९ अर्ब दुई करोडभन्दा बढी व्यापार घाटा देखिएको छ। यो अवधिमा भारतबाट रु. चार खर्ब ३४ अर्ब छ करोड ४२ लाखको वस्तु आयात हुँदा रु. ९५ अर्ब चार करोड २० लाख बराबरको मात्रै निर्यात भएको छ। अर्को छिमेकी मुलुक चीनसँग रु. एक खर्ब ६३ अर्ब ७३ करोड ४८ लाखको आयात र रु. ४६ करोड ६८ लाख बराबरको मात्र निर्यात हुँदा नेपालले रु. एक खर्ब ६३ अर्ब २६ करोड ८० लाखको घाटा व्यहोरेको छ।

नेपालले व्यापार नाफा गरेका मुलुकहरूमा भने रोमानिया पहिलो स्थानमा देखिएको छ। पछिल्लो पाँच महिनामा रोमानियासँग नेपालको कूल वैदेशिक व्यापार नाफा रु. छ करोड ३४ लाख ६९ हजार बराबर छ। त्यस्तै स्वीडेन, इराकलगायतका मुलुकसँग नेपालको व्यापार नाफा छ।

**नेपाल...**

गरिएन भने नेपाली भूमि मिच्छ र नेपाल साँगुरिँदै जानेछ। सीमाविद्हरूका अनुसार देशको विभिन्न ठाउँमा गरी ६० हजारभन्दा बढी हेक्टर भूमि भारतीय पक्षले मिचिसकेको छ। नेपाली भूमि मिचेको हो भने सरकार किन मौन ? भारतले जति भूमि मिचे पनि हालसम्मका सरकारहरू के हेरेर बसे भन्ने प्रश्न सीमाविद्हरूले व्यक्त गर्न थालेका छन्। नेमकिपाले त २०२५ सालमै नेपाली भूमि सुस्ता मिचेको विरोधमा भक्तपुरमा विरोध प्रदर्शन गरेको थियो। नेपाली भूमि मिचेको विरोधमा अरू दलले त्यति विरोध गरेको पाइँदैन। सीमा अतिक्रमणको विरोध गर्नुपर्छ। सीमा अतिक्रमणको विरोध नगरिएमा भारतीय पक्षले नेपाल सरकारको कमजोरीको फाइदा लिँदै एकपछि अर्को भूमि मिच्दै जानेमा शङ्का छैन। अतः सरकार जहिल्यै देशको भूमि सुरक्षित गर्न लाग्नुपर्छ।

देशको सीमाबारे सरकारलाई किन चिन्ता हुँदैन ? सीमा मिचे पनि विरोध गरिएन भने फेरि अर्को स्थानमा सीमा मिच्नेछ। नेपाली भूमि देशको सम्पत्ति हो। देशको सम्पत्ति सरकारले सुरक्षा गर्नुपर्छ। सरकारको सीमा सुरक्षा गर्नेतर्फ सरकारको ध्यान नपुगेकै कारण नेपाली भूमि कालापानीमा अद्यापि भारतीय सुरक्षाकर्मीहरू छन्। भारतीय शासकसँग नेपाल सरकारले मैत्रीपूर्ण वार्ता गरेर कालापानीबाट भारतीय सेना फर्काउनुपर्ने हो। लिम्पियाधुरा, लिपुलेकमा सीमा स्तम्भ नभएकै कारण ती स्थानहरू अहिले पनि भारतको नियन्त्रणमा रहेका छन्। सरकारले नेपाली सीमाबारे बेवास्ता गर्नु हुँदैन। सीमा मिच्नु भनेको नेपालको सार्वभौमिकता र भूअखण्डतामाथिको हस्तक्षेप हो। त्यो हस्तक्षेपको सरकारले विरोध गर्नुपर्छ; आफ्नो सीमा कायम गर्न सरकार अग्रसर हुनुपर्छ।

सीमा स्तम्भ हटाइँदा, सीमा मिच्दा स्थानीय जनताले विरोध गरेका थिए; नेपाली सीमा सुरक्षा गर्न विरोध प्रदर्शन गरेका थिए। स्थानीय जनताले सीमा मिचेकोमा विरोध प्रदर्शन गरे पनि सरकार मौन रह्यो। कति स्थानमा प्राकृतिक विपत्ति, बाढी, पहिरो तथा नदी कटानका कारणले पनि नेपाली सीमामा समस्या भएको देखिन्छ। जुन कारण सीमा स्तम्भमा समस्या भयो भने पनि त्यसको उपाय खोज्नुपर्छ; उपाय खोजेर सरकारले निकास दिनुपर्छ। सीमा स्तम्भ संरक्षण गर्ने अभियानलाई निरन्तरता दिनुपर्छ। लामो समयसम्म उचित संरक्षण गरिएन या बेवास्ता भयो भने सीमा स्तम्भ लोप हुनेमात्र होइन नेपाली भूमि मिच्दै जानेछ। पछि जग्गाको निम्ति विवाद भइरहनेछ। अहिले नेपाल-भारत सीमाको धेरै ठाउँमा विवाद देखिएको छ।

नेपाल-भारतको सीमाबारेको विवाद लामो समयदेखिको हो। सीमा विवादकै कारण नेपाल र भारतबिच बेलाबखत वैमनस्यता बढेको देखिन्छ। यस्तै वैमनस्यतताको कारण भारतले नेपाललाई सामान नपठाएर आर्थिक नाकाबन्दी गरी जनजीवनलाई अस्तव्यस्त बनाएको थियो। कहिले ग्यास बन्द गरेर त कहिले पिठो नपठाएर नेपाल र नेपालीलाई समस्यामा पारेको सबैलाई थाहा भएकै हो। अतः नेपाल-भारत सीमा विवाद सुल्झाउन र आ-आफ्नो जग्गाको साँध छुट्याउन नेपाल सरकारले पहल गर्नुपर्छ। नेपाली भूमि मिचेको हुँदा नेपाली भूमि फिर्ता दिन भारतले पहल गर्दैन। यसको पहल नेपाल सरकारले नै गर्नुपर्छ। नेपाली भूमिलाई जहिल्यै सुरक्षित गरिराख्ने उपाय खोज्नुपर्छ।

## सङ्क्षिप्त समाचार

# पोखरेबगर-घोडेपानी सडकको स्तरोन्नति सुरु

म्याग्दी, ८ पुस । यहाँको अन्नपूर्ण गाउँपालिकाको केन्द्र पोखरेबगरदेखि पर्यटकीय स्थल घोडेपानी जोड्ने सडक स्तरोन्नति थालिएको छ ।

अन्नपूर्ण गाउँपालिकाले चालु आर्थिक वर्षमा रु. ५० लाख बजेट विनियोजन गरी पोखरेबगर-घार-चित्रे सडक स्तरोन्नति थालेको हो । यो पोखरादेखि मुस्ताङ जोड्ने वैकल्पिक सडक पनि हो । अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले घारको बिरौटा चोकदेखि भुन्या खण्डमा ढलान गर्न थालिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सडक ढलान भएपछि घोडेपानी-पुनहिल घुम्न आउने पर्यटकलाई पनि सहज हुनेछ ।"

२१ किलोमिटर दूरीको यो सडकअन्तर्गत चित्रे-घोडेपानी खण्डको तीन किलोमिटर फराकिलो पार्ने, नाली र टेवा पर्खाल बनाएर स्तरोन्नति गर्ने जनाइएको छ । पोखरेबगर-बिरौटा खण्डको कुरमुनी र लुलिया घुम्तीको पहिरो प्रभावित क्षेत्रमा पहिरो रोकथाम र सडक स्तरोन्नति गर्न सङ्घीय सरकारले चालु आर्थिक वर्षमा रु. तीन करोड विनियोजन गरेको छ । ***रासस***

# वाणिज्य विभागले गऱ्यो तीन होटललाई जरिवाना

काठमाडौँ, ८ पुस । नियमित रूपमा पछिल्ला दिनमा बजार अनुगमन गरी स्वच्छता कायम गराउन अग्रसर, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले तीन वटा फर्मलाई नगद जरिवानासहित कारबाही गरेको छ ।

विभागले उपलब्ध गराएको विवरणअनुसार होटल ब्लिस्फुल प्रालि कोटेश्वर काठमाडौँलाई रु. ५० हजार, गोल्मादेवी भोजनालय एण्ड लजलाई रु. पाँच हजार र चण्डेश्वरी नेवारी खाजा घर कोटेश्वरलाई रु. पाँच हजार जरिवाना गरेको छ । ती फर्मलाई उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३८ बमोजिमको कसुरमा सोही ऐनको दफा ३९ को १ बमोजिम कारबाही गरिएको हो ।

यस्तै, विभागले अन्य ११ फर्मको स्थलगत अनुगमन तथा निरीक्षण गरेर सुधारात्मक निर्देशन दिएको छ । विभागले कालोबजारी नियन्त्रण, अखाद्य वस्तुको बिक्री वितरणमा रोक लगाउने र कानुन कार्यान्वयन गराउने उद्देश्यका साथ नियमितरूपमा बजार अनुगमन गरिरहेको स्पष्ट पारेको छ । ***रासस***

# अत्यधिक चिसो बढेपछि गौरका विद्यालयमा बिदा

चन्द्रपुर (रौतहट), ८ पुस । विगत चार दिनदेखि बढेको चिसोका कारण रौतहटको गौर नगरपालिकाले गौर नगर क्षेत्रभरिका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा आउँदो शुक्रबारसम्मका लागि बिदा दिएको छ ।

सोमबार गौर नगरपालिकाले सूचना जारी गर्दै मङ्गलबारदेखि आउँदो पुस ११ गतेसम्मका लागि विद्यालयमा बिदा दिएको हो । केही दिनदेखि अत्यधिक चिसो बढेका कारण विद्यालयमा पठनपाठनमा असहजता भई बालबालिकाको स्वास्थ्यमा पर्नसक्ने प्रतिकूल असरलाई मध्यनजर गर्दै गौर नगर क्षेत्रभरिका सम्पूर्ण विद्यालयमा बिदा दिइएको गौर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवासकुमार ठाकुरले जानकारी दिनुभएको छ ।

बर्खे बिदाबाट कट्टा हुनेगरी विद्यालयमा बिदा दिइएको उहाँले जानकारी दिनुभयो । केही दिनदेखि बढेको शीतलहर र चिसोका कारण रौतहटको जनजीवन प्रभावित बनेको छ । ***रासस***

# जीवन्त सङ्ग्रहालय निर्माण गर्न महोत्सव

डुम्रे (तनहुँ), ८ पुस । तनहुँको व्यास नगरपालिका-१२ गोल्लामा खुला जीवन्त सङ्ग्रहालय निर्माण हुने भएको छ । नेपाल आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद् तनहुँले 'भानु घाँसी ग्राम' नामकरण गरी अगाडि बढाइएको छ ।

आदिवासी जनजातिको मात्रै संस्कार, संस्कृति नभई सम्पूर्ण जिल्लावासीको समुदायको जन्म, विवाह, मृत्युसम्मको संस्कारको पहिचान झल्कने गरी सङ्ग्रहालयमा प्रस्तुत गर्नसक्ने भानु घाँसी ग्राम निर्माण समिति संयोजक हरिसिं गुरुङले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "तीन प्रकारको सङ्ग्रहालयमध्ये तनहुँमा खुला जीवन्त सङ्ग्रहालय निर्माण गर्न लागिएको हो । संस्कार, संस्कृति पुस्ता हस्तान्तरणको कार्यका निम्ति जीवन्त सङ्ग्रहालय आवश्यक छ । विभिन्न जातजातिको एकैठाउँमा संस्कार, कला, संस्कृति बुझाउनेछ ।"

अट्ठाइसौँ कृष्ण द्वैपायनको अवतरण भूमि व्यास परासर क्षेत्र, ऐतिहासिक क्षेत्र तनहुँसुर र राष्ट्रिय विभूति आदिकवि भानुभक्त आचार्यको जीवन्त सङ्ग्रहालयमा समेटिने संयोजक गुरुङले बताउनुभयो । सम्पूर्ण जातजातिको संस्कार, कला, संस्कृति पुस्ता हस्तान्तरणमा महत्त्वपूर्ण भूमिकामा सङ्ग्रहालयको रहने उहाँको भनाइ छ । सङ्ग्रहालय निर्माणसँगै गाउँ, बस्ती विस्तारका लागि विभिन्न समुदायको सहयोग रहने गरी गुरुयोजना निर्माण गरिएको छ ।

आदिवासी जनजाति आयोगले ल्याएको अवधारणाअनुसार गण्डकी प्रदेशको तनहुँमा बनाउने तय भएको संयोजक गुरुङले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "जन्मँदा, मर्दापर्दा सबै संस्कार, कलासंस्कृति पुस्ता हस्तान्तरणमा सहयोग पुग्नेछ । जुन जातिको बस्ती जहाँ बाक्लो छ सोही बस्तीलाई विकास गरी गाउँ निर्माण गरिनेछ ।" करोडौँको खर्च लाग्ने भए पनि ४० प्रतिशत जातीय सङ्गठन रहेकाले सोमार्फत नै निर्माणमा सहयोग पुग्ने र बाँकी विभिन्न निकायको सहयोगमा निर्माण हुने संयोजक गुरुङले बताउनुभयो ।



**चिसोले जमेको खोला**

माथिल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-३ ठिङ्गरमा चिसोले बरफ बनेर जमेको ठिङ्गर खोला । हिउँदयामको अत्यधिक चिसोका कारण नदीनाला, सिँचाइ कुलो, धारालगायत चिसोले जम्न थालेपछि स्थानीयको जनजीवन प्रभावित बनेको छ । उपल्लो मुस्ताङमा बिहान र बेलुकीको समय तापक्रम माइनस २० डिग्री सेल्सियसमा झर्ने गरेको छ । *तस्बिर : सुन्दरकुमार थकाली/रासस*

# प्रभावकारी बन्दै दिगो वन व्यवस्थापन कार्यक्रम

चन्द्रपुर (रौतहट), ८ पुस । रौतहटका सामुदायिक वनमा दिगो वन व्यवस्थापन कार्यक्रम प्रभावकारी बन्दै गएको छ । मङ्गलबार हातेमालो सामुदायिक वन उपभोक्ता समूह चन्द्रपुर-४ र ६ ले वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनसम्बन्धी अन्तरक्रिया आयोजना गरिएको थियो ।

सो अन्तरक्रियामा चन्द्रपुर सब डिभिजन वन कार्यालयका प्रमुख अनिल महतोले दिगो वन व्यवस्थापन कार्यक्रमले हातेमालो सामुदायिक वन उपभोक्ता समूह देशकै नमुना सामुदायिक वनको रूपमा स्थापित भएको बताउनुभयो । सो सामुदायिक वनको कूल क्षेत्रफलको २८२ हेक्टरमध्ये २७४ हेक्टर वन क्षेत्र उत्पादनशील रहेको उहाँले जानकारी दिनुभयो । आठ वटा आवधिक खण्ड बनाएर संरक्षण गरिँदै आएको उक्त सामुदायिक वनमा बालीचक्र ८० वर्ष कायम गरेर वन संरक्षण कार्ययोजना बनाइएको वन अधिकृत महतोले जानकारी दिनुभयो ।

एक खण्डमा करिब साढे ३४ हेक्टर जङ्गल रहेको र एक खण्डलाई १० वटा भागमा विभाजन गरी दिगो वन व्यवस्थापन कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ । चालु आर्थिक वर्षमा मात्रै साढे तीन हेक्टर वन क्षेत्रमा एक हजार ६९७ रुखमध्ये २७२ वटा रुख माउ रुखको रूपमा कायम गरिएको र बाँकी एक हजार ३२५ वटा रुख पुन:उत्पादन तथा कटानका लागि सिफारिस गरिएको छ ।

डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तकुमार साहले जिल्लामा तीन वटा सामुदायिक वन र एउटा साझेदारी वनमा दिगो वन व्यवस्थापन कार्यक्रम लागु भएको जानकारी दिनुभयो । तिलेश्वरनाथ सामुदायिक वन उपभोक्ता समूह, भोर्लेनी सामुदायिक वन उपभोक्ता समूह र हातेमालो सामुदायिक वन उपभोक्ता समूह तथा रङ्गपुर साझेदारी वन उपभोक्ता समितिमा सो कार्यक्रम लागु भएको उहाँको भनाइ छ ।

सामुदायिक वन उपभोक्ता महासङ्घ रौतहटका अध्यक्ष बेदहरी दाहालले दिगो वन व्यवस्थापन कार्यक्रम इमानदारिताका साथ काम गरे फाइदै फाइदा हुने बताउनुभयो । हातेमालो सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष रामलाल ठोकरले आफूले नेतृत्व गरेको सामुदायिक वन साल उत्पादन तथा संरक्षणमा देशमै नमुनाको रूपमा परिचित हुँदै गएको उल्लेख गर्नुभयो । ***रासस***

# बाढीले क्षति पुऱ्याएको तीनतले झरनालाई पुरानै लयमा फर्काइँदै

काभ्रेपलाञ्चोक, ८ पुस । जिल्लाको दक्षिणी क्षेत्रमा अवस्थित बेथानचोक गाउँपालिका-१ च्याम्राङ्गबेँसीमा रहेको तीनतले झरनाको पुनर्निर्माण थालिएको छ । गत वर्षको बाढीपहिरोले झरनालाई क्षति पुऱ्याएपछि गाउँपालिका कार्यालयद्वारा पुनर्निर्माण थालिएको हो ।

प्राकृतिक सौन्दर्यता झल्किएको उक्त झरनामा पर्यटकको आकर्षण बढ्न थालेपछि केही वर्षअघि मात्रै वाग्मती प्रदेश सरकार, गाउँपालिका कार्यालयलगायत विभिन्न संस्थाको साझेदारीमा रु. ३५ लाख लगानी गरी थप संरचना निर्माण गरिएको थियो । हाल गाउँपालिकाको रु. १० लाख बजेटबाट पुनर्निर्माण थालिएको कार्यालयका प्रवक्ता एवं वडा नं १ का वडाध्यक्ष मधुसुधन तिमल्सिनाले जानकारी दिनुभयो । उहाँका अनुसार पोखरी तथा भत्किएका संरचना निर्माण गरी पहिलेकै अवस्थामा ल्याउन थालिएको हो । यो झरनामा बाढीपहिरोले क्षति पुऱ्याए पनि पर्यटकको आकर्षण देखिएकाले चालु आर्थिक वर्षमा बजेट छुट्याएर पुनर्निर्माण गर्न थालेका हौँ ।

उक्त झरनामा यतिखेर पनि आन्तरिक पर्यटक दैनिक बढिरहेको वडाध्यक्ष तिमल्सिना बताउनुहुन्छ । उहाँका अनुसार उक्त झरनाको मनमोहक दृश्यसँगै रम्न विशेषगरी आजकाल बिदाका दिनमा झरनासम्म पुग्नेहरूको भीड नै हुने गरेको छ । चारैतिर पहाडले घेरिएको रमणीय बस्ती च्याम्राङ्गबेँसीको च्यालम-फाइमराङबिचको उक्त झरनामा बर्सेनि पर्यटक बढिरहेको बताइन्छ । यसअघि झरनाबाट झरेको पानीमा पौडी पोखरी, पोखरी वरपर घेराबार तीन तलामध्येको झरनाको दोस्रो तल्लासम्म अवलोकनका लागि सिँढी तथा घेराबार निर्माण गरिएको थियो ।

महाभारत पर्वत शृङ्खलाको जङ्गल-मुहान रहेको चिसो पानी बग्ने झरना तीन तला भई बगेका कारण नै तीनतले झरना नामकरण गरिएको हो । चिसो, कञ्चन, सङ्लो र शुद्ध पोखरीमा डुबुल्की मार्दै स्नान गर्नु यहाँको अर्को आकर्षण बनेको थियो । झरना अवलोकन तथा केही दिन बिताउन चाहनेहरू काभ्रेपलाञ्चोककै बनेपा, धुलिखेल र पनौतीलगायत काठमाडौँ उपत्यकाबाट ट्राभल प्याकेज नै बनाएर आन्तरिक पर्यटक आउने गरेको तिमल्सिनाले बताउनुभयो । झरनासम्म पुगेर खिचिएका तस्बिर तथा भिडियो सामाजिक सञ्जालमा पोष्ट गर्न सबैखाले पर्यटक लालायित हुने गरेको देखिन्छ ।

हाल तीनतले झरना जानेका लागि झरना नपुग्दै स्थलबाट केही वर होटल-लजको पनि व्यवस्था गरिएको छ । झरनाको अवलोकन, पौडीका साथै बाहिरी जिल्लाबाट आउनेहरूले स्थानीय मौलिक खानाको चासो राख्ने गरेकोसमेत स्थानीयको भनाइ छ । स्थानीय गाउँमा उत्पादित खुवा, मह, तरकारी तथा लोकल मकैको ढिँडो, गुन्द्रुकलगायत परम्परागत खानाको व्यापार बढेको स्थानीय व्यवसायी बताउँछन् । झरनासम्म पुग्न क्षेत्रअनुसार फरकफरक मार्गको प्रयोग गर्न सकिन्छ ।

काभ्रेको पनौती बसपार्कबाट करिब २५ किलोमिटर सडकयात्रा गर्नुपर्ने हुन्छ । जुन सडकको पनौती-ढुर्खक करिब १३ किलोमिटर सडक ग्राभेल तथा पक्की छभने त्यसपछि १२ किलोमिटर सडक उकालो-ओरालोमा गाडी तथा मोटरसाइकलमा यात्रा गर्न खासै कठिनाइ भने छैन । विशेषगरी लालीगुराँस फुल्ने मौसममा उक्त क्षेत्रले नयाँ यात्रुहरूलाई मोहनी नै लगाउने गर्छ ।

त्यसैगरी, झरना पुग्ने अर्को सडक ललितपुर जिल्लाबाट पनि छ । ललितपुरको दक्षिणी क्षेत्र गोट्टीखेलबाट चन्दनपुर, कालेश्वर हुँदै करिब १० किलोमिटर ओरालो यात्रापछि च्याम्राङ्गबेँसी पुगिन्छ । यो मार्ग पनि चन्दनपुरसम्मको पक्की सडक तथा त्यसपछिको कच्ची भएपछि बाटो खासै कठिन भने छैन । त्यसैगरी हिउँदको समयमा पनि वाग्मती प्रदेशको राजधानी हेटौँडासम्म पुग्ने बेथानचोक-फापरबारी सडक पनि यहीँ झरना नजिकबाटै पर्छ । पहाडी मनोरम दृश्यका साथमा झरनाको अवलोकन गर्दै स्वच्छ, सफा, कञ्चन र सङ्लो पानीले भरिएको पोखरीमा पौडीको मज्जा लिनेहरूको भीड नै झरनाको पहिचान बन्दै गएको छ । ***रासस***

**। सम्पादकीय ।**

# जनसाहित्य आजको आवश्यकता

जनजीवन र समाजबाट साहित्य वा काव्य कहिले पनि अलग्ग हुनसक्दैन । साहित्यमा विचार हुन्छ तर विचार नै साहित्य वा काव्य होइन । कति समालोचकहरू साहित्य वा काव्यमा राजनीति छिर्यो भने त्यो साहित्य केवल प्रचारको निम्ति हुन्छ भनी फलाक्छन् । साहित्य राजनीतिबाट अलग्ग हुन सकिँदैन । प्रत्यक्ष या अप्रत्यक्ष रूपमा साहित्यमा राजनीति घुसेकै हुन्छ । पहिले पहिलेको साहित्यमा धर्म, कर्म, जनजीवनको मात्र होइन राजामहाराजा, सामन्त या प्रतिक्रियावादीहरूको गुणगान गरिएको हुन्छ । सामन्तहरूको प्रशंसा गर्नु पनि राजनीति नै हो । यौनवादी साहित्यभित्र पनि राजनीति छिरेकै हुन्छ । मानिसको चाहनालाई यौनवादी साहित्यमा मुछ्नु राजामहाराजाहरूको गुणगान गर्नु, जनतालाई दासी सम्झेर श्रम शोषण गर्नु के राजनीति होइन ? साहित्यमा 'राजनीति' शब्द प्रयोग भएपछि मात्र राजनीति गरिएको हुँदैन । साहित्य राजनीतिको हतियार हो, त्यसै भनिएको होइन ।

साहित्य वा काव्य समाजबाटै सिर्जित हुन्छ । समाजको वरिपरि रहेर, समाजको संरचना र जनजीवनभित्रै रहेर साहित्य सिर्जना गरिएको हुन्छ । महत्त्वपूर्ण कुरा साहित्यमा कसको जनजीवनलाई प्राथमिकता दिने भन्ने हुन्छ; जनसाहित्यले कुनै न कुनै मार्ग निर्देश गरिरहेको हुन्छ । हाम्रो साहित्य बहुमत जनताको सेवा गर्नको निम्ति हुनुपर्छ । बहुमत जनताको सेवा नगर्ने साहित्य पुँजीपति र प्रतिक्रियावादीहरूको हुन्छ ।


समाजमा सामन्तवादी, पुँजीवादी र समाजवादी लेखक, साहित्यकारहरू पनि हुन्छन् । सामन्ती चिन्तनका साहित्यकारले श्रमजीवी वर्गको पक्षमा वकालत गर्दैनन्; साहित्य लेख्दैनन् । समाजवादी विचारका लेखक साहित्यकारहरूले प्रगतिशील साहित्य लेख्छन् । समाजवादीहरूको काव्य या साहित्यमा समाजकै चित्रण हुन्छ; समाजकै चिन्तन हुन्छ, समाजकै अध्ययन हुन्छ र समाजवादी अवधारणाअनुसार नै चरित्रचित्रण गरिएको हुन्छ । समाजवादी साहित्यमा भोका, नाङ्गा, दलित, शोषित पीडित जनताको भावना उजागर गरेको हुन्छ; सामन्ती, पुँजीपति शोषण, दमन, असमानता, विभेद आदिको विरोध गरिएको हुन्छ ।

प्रगतिशील साहित्यमा विशेषत: आर्थिक समानता र विषमताको समस्यालाई लिएर शोषित पीडित जनताप्रति सहानुभूति प्रकट गरिएको हुन्छ । जनसाहित्यमा शोषक, सामन्त, प्रतिक्रियावादी साम्राज्यवादी, विस्तारवादी नीतिको विरोध गरिएको हुन्छ । प्रगतिवादी काव्यमा लेनिन, स्तालिन, माओ त्सेतुङको विचार प्रवाह भएको हुन्छ । नेपालको सन्दर्भमा कृष्णचन्द्रसिंह प्रधान र सिद्धिचरण श्रेष्ठहरू प्रगतिशील साहित्यकारहरू हुन् । रुसका म्याक्सिम गोर्की प्रगतिशील लेखक हुन् ।

सामान्यत: जनसाहित्यले जनताको सेवा गर्छ; गर्नुपर्छ । जनताको हित नहुने साहित्य जति सरल भए पनि त्यो जनसाहित्य हुनेछैन । उच्च विचार भएर पनि सरल तुल्याउन सक्ने गुण पनि कवि र लेखकमा हुन्छ । यस्ता साहित्य सबैको निम्ति मनपरेको हुन्छ । निबन्ध, कथा, उपन्यास, नाटक आदिको अलग्ग अलग्ग शैली भए पनि विचार पक्ष जहिल्यै बलियो हुनुपर्छ । साहित्यमा जति कला, अलङ्कार, हृदय छुने सौन्दर्य भए पनि बहुजनको पक्षमा लेखिएन भने त्यो जनसाहित्य हुनेछैन । साहित्यमा कला हुनुपर्छ । कला साहित्यको आभूषण हो । नेपाली साहित्यको आकाशमा धेरै थरीका साहित्य देखापरेका छन् । हरेक साहित्य समाजसित सम्बन्धित भए पनि सबै साहित्य जनपक्षीय हुँदैन । भनिन्छ, विचारशून्य कृति सुन्दर मुर्दा मात्र हो । मानव समाजलाई दिशा निर्देश गर्ने साहित्य रच्नुपर्छ । त्यो कृतिमा विचारमात्र होइन कला पनि हुनुपर्छ । तर, कला सशक्त भएर पनि विचार गलत भयो भने त्यसले समाजलाई मार्ग निर्देश गर्दैन । मानव समाजलाई सभ्य, सुसंस्कृत र परिष्कृत गर्ने खालको साहित्य रच्नु आजको आवश्यकता हो ।

# ०.००१ प्रतिशत धनीसँग आधा विश्वको तेब्बर धन

✍ **जेक जोनसन**




यही डिसेम्बर १० गते विश्व असमानताको रिपोर्ट सार्वजनिक भयो । रिपोर्ट ऐतिहासिक छ । यसले विश्वका धनकुबेर र बाँकी विश्वबिच यो वर्ष बढेको खाडल एकाएक बढेको देखाउँछ । रिपोर्ट भन्छ – विश्वका शीर्ष ०.००१ प्रतिशत धनकुबेरसँग विश्वको निम्नतम आधा जनसङ्ख्याको भन्दा तीन गुणा बढी धन छ । *(यो ०.००१ प्रतिशतमा ६० हजारभन्दा कम मानिस पर्छन् ।)* विश्वको असमानता अचाक्ली बढेको छ । यसले विभिन्न देशका अर्थतन्त्रमा नकारात्मक असर पारेको छ । यसले देशका प्रजातान्त्रिक निकायहरूमा हस्तक्षेप गरेको र नीति निर्माताहरू आपत्कालीन स्थितिमा पुगेको 'विश्व असमानता रिपोर्ट' को तेस्रो संस्करणको तर्क छ । यो रिपोर्टमा विश्वभरिका एक सयभन्दा बढी विज्ञहरूको विस्तृत विश्लेषण छ । 'विश्व असमानता ल्याब' मा आबद्ध अध्येता रिकार्डो गोमेज-कारेरा यो रिपोर्टका प्रमुख लेखक हुन् । उनले रिपोर्ट पढ्दै भने, "असमानताले विश्व अर्थतन्त्रको विशेषता दर्शाउँदै आएको छ । तर, यो वर्ष (सन् २०२५) मा समस्या ध्यान दिनैपर्ने गरी विकराल बनेको छ । विश्वव्यापीकरण र आर्थिक वृद्धिको लाभ असमान ढङ्गले अल्पसङ्ख्यक (धनकुबेरहरू) कहाँ थुप्रिएको छ । जब कि विश्वको अधिकांश जनसङ्ख्यालाई स्थिर जीवनस्तर हासिल गर्न पनि धौधौ छ । यो असमानता स्वाभाविक होइन । राजनीतिक र संस्थागत छनोटका कारण यो समस्या उत्पन्न भएको हो ।"

विश्व जनसङ्ख्यामध्ये १० प्रतिशत धनकुबेरसँग विश्वको तीनचौथाइ धन छ । यिनीहरूको कमाइ बाँकी विश्वको भन्दा निकै बढी छ । विश्वका अधिकांश देशभित्र ५० प्रतिशत जनतासँग देशको जम्मा ५ प्रतिशत धन छ ।

रिपोर्ट भन्छ, "धनको यो सञ्चय निरन्तर मात्र छैन, निरन्तर तीव्र पनि बन्दै छ । सन् १९९० को दशक यता विश्वका करोडपति र अर्बपतिहरूको धन बर्सेनि झन्डै ८ प्रतिशतले बढ्दै आएको छ । यसबिच विश्वको निम्नतम आधा जनसङ्ख्याको आयमा भएको वृद्धिको दरभन्दा यो करिब दोब्बर हो । गरिबहरूको आयदरमा पनि वृद्धि त भयो । तर, धनीहरूको धनसञ्चय त्योभन्दा कता हो कता बढी छ ।"

रिपोर्ट भन्छ – "परिणाम, विश्वको एकदम सानो जमातको मुठ्ठीमा अभूतपूर्व वित्तीय शक्ति छ र अरबौं मानिसहरू आधारभूत आर्थिक स्थिरताभन्दा पनि धेरै पछि छन् ।"

यो रिपोर्ट एक यस्तो बेला प्रकाशित भएको छ जतिबेला राष्ट्रपति डोनाल्ड ट्रम्पले नेतृत्व गरिरहेको विश्वको सबैभन्दा धनाढ्य र शक्तिशाली देश अमेरिका जलवायु परिवर्तन तथा कर नीतिका मुद्दामा हुने विश्वव्यापी हातेमालोबाट पछि हटेको छ । अमेरिकाले स्वदेशी तथा विदेशी सहयोग कार्यक्रममा कटौती गर्दै र धनाढ्य अमेरिकीहरूलाई अकुत लाभ बाँड्दै असमानताको खाडल झन् बढाइरहेको छ ।

जयाती घोष पनि पछिल्लो रिपोर्टकी एक सह-लेखिका तथा उनी विश्वव्यापी असमानता अध्ययन गर्ने एक स्वतन्त्र विज्ञ समूहकी सदस्य हुन् । एक वक्तव्यमा उनले भनिन्, "हामी एक यस्तो प्रणालीमा बाँचिरहेका छौं जहाँ न्यून आययुक्त देशहरूको श्रम र प्रकृतिबाट दोहन गरिएको स्रोतसाधनले उच्च आययुक्त अर्थतन्त्रका जनता तथा संसारका सम्भ्रान्तहरूको समृद्धि र तिनको अस्थिर जीवनशैली टिकाइरहेको छ । यो ढाँचा बजारले पैदा गरेको संयोग मात्र होइन । यसपछाडि इतिहासको अवदान, विभिन्न निकायको सक्रियता र विभिन्न नीति नियम छन् । यी सबै तत्त्व सन्तुलनमा ल्याउन बाँकी असमान शक्ति सम्बन्धसँग जोडिएका छन् ।"

दसकौँदेखि विस्फोटको अवस्थामा रहेको असमानतालाई उल्ट्याउन राजनीतिक मनोबल चाहिन्छ । धनाढ्यहरूमाथि उचित कर लगाउनुपर्छ । सामाजिक कार्यक्रममा प्रशस्त लगानी गर्नुपर्छ । धनाढ्यहरूले जथाभावी चर्काएको जलवायु समस्या समाधानका लागि प्रचुर लगानी गर्नुपर्छ ।

प्रतिवेदन भन्छ – आउँदा वर्षहरूमा हामीले लिने बाटोले नै विश्व अर्थतन्त्र चरम धनसञ्चयतर्फ खस्किन्छ कि साझा समृद्धितर्फ उक्लिन्छ भन्ने निर्धारित हुनेछ ।

# भेनेजुयलाको आन्तरिक मामिलामा हस्तक्षेपको विरोध गरौँ !

सन् १८२३ मा अमेरिकी राष्ट्रपति मुनरो (१८१७-२५) ले संरा अमेरिकाको प्रतिनिधिसभामा उत्तर र दक्षिण अमेरिकी देशहरूमा कुनै पनि अन्य देशले उपनिवेश कायम नगरून् भनी एक सन्देश दिएका थिए "अमेरिका अमेरिकीहरूको हो ।" यस भनाइले युरोपका कुनै पनि शक्तिले आफ्नो सेना फर्काऊन् भन्ने उद्देश्य राखेको थियो ।

त्यसबेला ल्याटिन अमेरिकी देशहरूमा संरा अमेरिकाका ठुल्ठुला पुँजीपति र जग्गाधनीहरूले लगानी गरेका थिए । पाँचौं अमेरिकी राष्ट्रपति मुनरो आफैँ एक ठुला दास मालिक थिए । यसै बेलादेखि संरा अमेरिकी साम्राज्यवादको विस्तार सुरू भएको मानिन्छ ।

सन् १८४५ मा संयुक्त राज्य अमेरिका टेक्सास, मेक्सिको र कमजोर देशहरूमाथि कब्जा गर्दै न्यु मेक्सिको र क्यालिफोर्निया पुग्यो । त्यसैबेलादेखि संरा अमेरिकाले प्रशान्तदेखि हिन्द महासागरसम्म साम्राज्य विस्तार गर्ने योजना बनाएको थियो । पानामा, मध्य अमेरिका, एसियामा चीन, जापान, फिलिपाइन्स, बाटोमा पर्ने हवाइद्वीप र ग्वाम, होन्डुरस, निकारागुआमा उसले कब्जा जमायो ।

यसै सन्दर्भमा 'हिन्द-प्रशान्त क्षेत्रीय सुरक्षा सङ्गठन' सम्म पुग्न संरा अमेरिकालाई १९६ वर्ष लाग्यो । मुनरोको समयमा संसारमा आजको जस्तो सूचना सञ्चार, विज्ञान र प्रविधिको विकास भइसकेको थिएन । तर, आज मानवीय चेतना र राजनैतिक जागरणमा ठुलो भिन्नता देखिसकिएको छ ।

कोरिया युद्ध (सन् १९५०-५३) मा पहिलोचोटि विदेशी भूमिमा मार खाएको संरा अमेरिकी साम्राज्यवाद हिन्द-चीनको आक्रमणमा भियतनामबाट हेलिकप्टरको सिँढीमै झुण्डिएर भाग्नुपरेको संसारका जनताले बिर्सेका छैनन् । 'अर्को क्युवा हुँदैन' भन्ने अमेरिकी साम्राज्यवाद अब 'अर्को भियतनाम हुँदैन' भन्नेमा पुग्यो । इराक, लिबिया र सिरियाको विध्वंस गर्ने, प्राचीन सम्पदा र संस्कृतिलाई धुजाधुजा गर्ने अमेरिकी साम्राज्यवादले किटाणु युद्ध, नापाम बम, पुस्तौँपुस्ता विकलाङ्ग हुने सुन्तला रङ्गी रासायनिक हतियारको समेत प्रयोग गर्यो ।

भेनेजुयला एक विकासोन्मुख, स्वतन्त्र र सार्वभौम देश हो । हरेक देशका जनताले आ-आफ्नो शासन व्यवस्था रोजेजस्तै भेनेजुयाली जनताले पनि आफूले रोजेको व्यवस्था स्थापना गर्न पाउँछन् । तर, अमेरिकी साम्राज्यवादको पछि लागेर केही डुब्दो साम्राज्यवादीहरूले भेनेजुयाली आन्तरिक मामिलामा हस्तक्षेप गर्नु सारा संसारका जनताबाट विरोधको सामना गर्नु हुनेछ ।

जहाँसम्म भेनेजुयाली राष्ट्रपति माडुरोका विषयमा अमेरिकी साम्राज्यवादले गरेका नानाभाँतीका कुरा छ सीसाको घरमा बसी बाटोमा आएकाहरूलाई ढुङ्गाले हानेजस्तो हुनेछ । के राष्ट्रपति ट्रम्पको निर्वाचनमा अमेरिकी जनता नै विभाजित थिएनन् ? ट्रम्प एक सुल्झिएका राजनेता हुन् वा लहडी ? दिनको ३ पटक कुरा फेर्ने, अमेरिकी प्रचारमाध्यमअनुसार हजारौँ पटक झूट बोल्ने, लबस्तरो, घनको मत्ताले विवेक गुमाएको, असन्तुलित र अमेरिकी पत्रकारहरूबाटै आलोचित ट्रम्पको लोकमत घट्दै गएको छ । कुनै पनि शक्तिशालीले रोकेरै इतिहासको पाङ्ग्रा उल्टो घुम्ने भए आजसम्म संसारका कुनै पनि प्राचीन महासम्राटहरू तथा स्पेनियाली बेलायती, फ्रान्सेली, जर्मेनियाली वा अमेरिकी साम्राज्यवाद पनि बिस्तारै डुब्दै जाने थिएनन् ।

नेपालजस्तै भेनेजुयला पनि एक स्वतन्त्र र सार्वभौम एवम् विकासोन्मुख देश हुँदा नेपाली जनता भेनेजुयलाको आन्तरिक मामिलामा हस्तक्षेपको विरोधमा छन् । अमेरिका वा कुनै पनि शक्तिको तर्फबाट कुनै देशको राष्ट्रपति घोषणा गर्ने हो भने महानिर्वाचनको के अर्थ हुन्छ ? जहाँसम्म निर्वाचनको विवादको विषय हो कुन देशको, कुन बेलाको निर्वाचन विवादास्पद भएन ?

यसकारण हामी आशा गरौँ, बलको शक्तिले कुनै देशका जनताको आन्तरिक मामिलामा हस्तक्षेप हुनु सभ्य समाजको परिचायक र समस्या समाधानको कूटनैतिक उपाय होइन ।

***श्रमिक साप्ताहिकको सम्पादकीय***
***१५ माघ २०७५***

सन्दर्भ : जे.भी. स्तालिन जन्म दिवस (डिसेम्बर २१)

# जोसेफ विसारियोनोभिच स्तालिनको जीवनी - ३

✍ हरिबहादुर श्रेष्ठ

स्तालिनले यो लेख १९१३ को सुरुमा लेखेर सिध्याउनुभयो र प्रोस्मेश्चेनीमा 'जातीय प्रश्न र समाजवादी प्रजातन्त्र' शीर्षकमा १९१३ को ३, ४ र ५ अङ्कमा छापियो । त्यो लेख लेनिनले साऱ्है मन पराउनुभयो र महत्त्वपूर्ण पनि मान्नुभयो । लेनिनले त्यसलाई जातीय समस्याबारे बोल्शेविक सिद्धान्त र कार्यक्रमको जग मान्नुभयो ।

१९१३ फेब्रुअरीको बिचमा क्राकोमा पार्टीको केन्द्रीय अधिवेशन भयो । त्यसमा ड्युमाका बोल्शेविक प्रतिनिधिहरूले पनि भाग लिएका थिए । त्यसबेला लेनिन र क्रुप्सकाया त्यही बस्नुहुन्थ्यो । क्राकोमै लेनिन र स्तालिनले एक आपसमा नजिकैबाट अध्ययन गर्ने मौका पाउनुभयो । जातीय प्रश्नबारे दुवैजना छलफल गर्नुहुन्थ्यो र बुद्धिचाल पनि खेल्नुहुन्थ्यो ।

अधिवेशनपछि स्तालिन रुस फर्कनुभयो र प्राब्दाको प्रकाशन र निर्देशनमा लाग्नुभयो । २३ फेब्रुअरी १९१३ को दिन सेन्ट पिटर्सवर्गको पार्टी समितिले कालाश्निकोभ भन्ने भवनमा एक सभा बोलाएको थियो । गुप्तचरहरू सभामा घुसिसकेका थिए । त्यसो त गुप्तचरहरू जाल फैलाउनमा जार प्रसिद्ध थियो । ती गुप्तचरहरूलाई छलेर उम्कन स्तालिनले अनेक उपाय गर्नुभएको थियो, तर सफल हुनुभएन र पक्राउ पर्नुभयो । उहाँ ४ वर्षको निम्ति टुरुखान्सजस्तो टाढा दुर्गम इलाकामा निकालिनुभयो । पहिले उहाँ कोस्तिनो भन्ने ठाउँमा राखिनुभयो तर धेरैचोटि भाग्नुभएकोले उहाँलाई त्यसपछि अत्यन्त जाडो ठाउँ उत्तरी सुमेरुको कुरिका भन्ने ठाउँमा सारियो ।

१९१४ मा पहिलो विश्व युद्धको सम्भावना बढ्दै गयो । बेलायत, फ्रान्स र रुस एक साम्राज्यवादी गुट थियो । रुस चाहिँ युक्रेन, पोल्यान्ड र बाल्टिक प्रदेश हत्याउन र आधा टर्की लिएर भूमध्यसागर जाने बाटो कब्जा गर्न चाहन्थ्यो । रुस, अस्ट्रिया र हङ्गेरीको गैलेशिया भन्ने प्रदेश पनि लिन चाहन्थ्यो ।

जर्मनी, बेलायत र फ्रान्सको उपनिवेश हत्याउन चाहन्थ्यो । विश्वको बजारमा जर्मनीको मालसामानले बेलायती सामानलाई धकेल्दै थियो । त्यसकारण, बेलायत पनि जर्मनीलाई ध्वस्त पार्न चाहन्थ्यो र टर्की, इराक र प्यालेस्टिन कब्जा गरेर मिश्रमा आफ्नो जग बलियो बनाउन चाहन्थ्यो ।



स्तालिन र माओ त्सेतुङ

१८७०-७१ को लडाइँमा जर्मनीले फ्रान्सको आलसास र लोरेन प्रान्त हात पारेको थियो । आलसास र लोरेख प्रान्त कोइला र फलामको निम्ति नामुद थियो । त्यसकारण, फ्रान्स त्यसलाई फिर्ता लिन चाहन्थ्यो । दुवै साम्राज्यवादी गुटका देशहरू अरू कमजोर देशहरूमाथि हमला गरेर आफ्नो उपनिवेश बनाएर र सामान बेच्ने बजार बनाउन चाहन्थे । अगस्त १९१४ को दिन जर्मनीले रुससँग लडाइँको घोषणा गऱ्यो । ३ अगस्तको दिन उसले फ्रान्समाथि र ४ अगस्तको दिन बेल्जियममा धावा बोल्यो । त्यसै दिन बेलायतले जर्मनीमाथि हमला गऱ्यो । ६ अगस्तको दिन अष्ट्रिया र हङ्गेरीले रुसमाथि धावा बोले ।

११ अगस्तको दिन फ्रान्स र बेलायत मिलेर अस्ट्रिया र हङ्गेरीमाथि हमला गरे । पछि इटाली जर्मनी-अस्ट्रिया गुटबाट अलगियो र टर्की जर्मनी-अस्ट्रिया-हङ्गेरी गुटमा लाग्यो । युद्धमा जापान, अमेरिका र अरू देशहरू पनि सामेल भए । साम्राज्यवादी युद्ध वास्तवमा लुटपाट गर्ने एक सबभन्दा ठुलो हुलहुज्जत थियो ।

स्तालिन संसारको परिस्थिति, पार्टी र लेनिनबाट अलग पारिनुभयो । निर्वासनको ठाउँ मस्कोबाट ५-६ हजार माइल टाढा थियो । कुरैका गाउँ भासिलो र झारपाते इलाका थियो । उहाँ एक किसानको घरमा बस्नुभएको थियो । त्यहाँ एक सानो जेल, एक अस्पताल र एउटा पुलिस चौकी थियो । खानेकुरामा त्यहाँ माछा र भुवादार जनावरको मासुमात्र पाइन्थ्यो, गहुँको रोटी पनि मुस्किलले पाइन्थ्यो । स्तालिन त्यहाँ जाल बुनेर माछा मार्नुहुन्थ्यो र सिकार खेल्न कोसौंसम्म हिँड्नुहुन्थ्यो । डेरामा बत्ती थिएन र मैनबत्ती बालेर लेखपढ गर्नुहुन्थ्यो । घरका केटाकेटीले साऱ्है दुःख दिन्थे तैपनि उहाँ हरेक दिन केही न केही लेखिहाल्नुहुन्थ्यो । कालापानीको जीवन साऱ्है दिक्कलाग्दो त जरुरै थियो तर सङ्घर्षदेखि उहाँ निरास हुनुहुन्नथ्यो । अरू राजनैतिक बन्दीहरू आपसमा स-साना कुरालाई लिएर झैझगडा गर्थे । स्तालिन त्यस्ता सानातिना झगडामा लाग्नुहुन्नथ्यो र एकान्तमा बसेर आफ्नो काम गर्नुहुन्थ्यो । त्यसबेला लेनिन स्विट्जरल्यान्डमा हुनुहुन्थ्यो ।

स्तालिन र लेनिन हजारौं माइल टाढा भए पनि चिठीपत्रबाट उनीहरूको सम्पर्क कायमै थियो । लेनिनले साम्राज्यवादी युद्धको विरोध गर्नुभयो । साम्राज्यवादी युद्धलाई मजदुरवर्गले गृहयुद्धमा फेरि दिने सिद्धान्त अघि सार्नुभयो । मुखले समाजवादी र कामले साम्राज्यवादी नीतिको समर्थन गर्ने दोस्रो इन्टरनेसनलका समाजवादी-साम्राज्यवादी नेताहरूलाई पनि लेनिनले उदाङ्याइदिनुभयो । स्तालिनले उहाँको युद्ध र शान्ति, गृहयुद्ध र क्रान्तिको नीतिको समर्थन गर्नुभयो । १९१५ को एक दिन कालापानीमा निकालिएका बोल्शेविकहरूको एक बैठक भयो । मोनास्टिस्कोये गाउँमा भएको त्यस बैठकमा उहाँले कामेनेभजस्ताको हुतिहारा बयानको निन्दा गर्नुभयो ।

बोल्शेविक पार्टीले स्तालिनलाई कालापानीबाट मुक्त गर्ने निर्णय लियो । तर, मेलिनोवस्कीजस्ता विश्वासघातीहरूले पार्टी निर्णयलाई सरकारसम्म पुऱ्याइदियो । त्यसकारण, स्तालिनमाथि सरकारले अझ कडा पहरा दिन थाल्यो र स्तालिन एचिन्स भन्ने ठाउँमा सारिनुभयो । पुलिस उहाँको छायाजस्तै पछि लाग्न थाल्यो तर रुसमा क्रान्तिको लहर फैलिरहेको थियो ।

युद्धमा रुस हार्दै गयो । सरकारले किसानहरूलाई सिपाहीँ बनाउँदै गयो । त्यसले खेती उत्पादन घट्न थाल्यो । देशको सबै पुँजी हातहतियार, फौजी सामान र रसदमा खर्च गरियो । त्यसबाट अरू औद्योगिक उत्पादनको काम पनि रोकियो । मालसामानको भाउ बढ्दै गयो । बेकारी समस्या चर्किँदै गयो । जनतामा करको बोझ र अत्याचार बढ्नाले असन्तोष फैलिँदै गयो ।

९ जनवरी १९१७ को दिन सेन्टपिटर्सवर्ग, मस्को, बाकु र अरू सहरहरूमा हडताल सुरु भयो । सेन्टपिटर्सवर्गको त्यस जुलुसमा सिपाहीहरूले पनि भाग लिए । १८ फेब्रुअरीको दिन पिटर्सवर्गको पुतिलोप कारखानाका मजदुरहरूले जुलुसमा नारा लगाए, 'युद्ध मुर्दावाद'



'जारतन्त्र मुर्दावाद' र 'हामीलाई रोटी देऊ !'

२६ फेब्रुअरीदेखि राजनैतिक हडताल र प्रदर्शन सुरु गरियो । मजदुरहरूले पुलिसहरूको हातहतियार खोसे र भिड्न थाले । पुलिस र मजदुरहरूको बिचमा गोली हानाहान भयो । राजनैतिक हडताल एक विद्रोहमा फेरियो । बोल्शेविक पार्टीले नारा दियो - जार सरकारलाई उल्टाइदेऊ । अस्थायी सरकार बनाऊ । जनताको प्रजातान्त्रिक सरकार स्थापना गर, जमिनदारहरूको जग्गा जफत गर र किसानहरूलाई बाँड । सरकारले जनतालाई गोली हान्न आदेश दिँदा सेनाले गोली हान्न अस्वीकार गऱ्यो । २७ फेब्रुअरीको दिन ६० हजार सेना जनतासँग मिल्न आए । मजदुर र सिपाहीहरू मिलेर जार सरकारका मन्त्रीहरूलाई गिरफ्तार गरे । जेलमा थुनिएका क्रान्तिकारीहरूलाई जेलबाट छुटाए । सेनाले जनविरोधी पुलिसमाथि नियन्त्रण गऱ्यो र जारतन्त्र पल्टियो । मजदुरवर्गले पार्टीहरू कब्जा गऱ्यो र अस्थायी सरकार बनायो । रुसमा पुँजीवादी क्रान्ति सफल भयो ।

मार्च महिनामा स्तालिन कालापानीबाट फर्कनुभयो र स्विट्जरल्यान्डमा लेनिनलाई तार पठाउनुभयो । १२ मार्चको दिन उहाँ रुसको राजधानी पिटर्सवर्ग पुग्नुभयो । पार्टीको केन्द्रीय समितिले उहाँलाई प्राब्दा चलाउने जिम्मा दियो । बोल्शेविक पार्टीका महत्त्वपूर्ण नेताहरू टाढा-टाढाका जेल र कालापानीबाट फर्कँदै थिए । अस्थायी सरकार लेनिनलाई देशभित्र आउन बाधा दिइरहेको थियो । पार्टी भूमिगत अवस्थामा भित्रबाट बाहिर निस्क्यो । त्यसपछि स्तालिन पुँजीवादी क्रान्तिलाई समाजवादी क्रान्तिमा फेर्ने काम गर्न थाल्नुभयो । मोलोतोभ र अरू साथीहरूसँग मिलेर उहाँले लेख्नुभयो, "मजदुर र सिपाहीहरूको सोभियत प्रतिनिधिहरूले अरू ठाउँका सोभियत (प्रतिनिधिसभा) हरूसँग सम्बन्ध राखेर मजदुर र सिपाहीँहरूको प्रतिनिधिहरूको केन्द्रीय सोभियतसँग जोड्नुपर्छ र त्यसलाई जनताको क्रान्तिकारी शक्तिको अभिन्न अङ्गको रूपमा बलियो बनाउनुपर्छ ।" 'युद्ध' भन्ने लेखमा उहाँले भन्नुभयो कि अस्थायी सरकारले सत्ता हातमा लिए पनि युद्धको साम्राज्यवादी चरित्रमा कुनै फरक आएको छैन र १९१४ देखि १९१७ सम्मको लुटपाट र अन्यायपूर्ण युद्धलाई पुँजीवादी अस्थायी सरकारले पनि कायमै राखेको छ । स्तालिनले मोलोतोभ र अरू साथीहरूसँग मिलेर अस्थायी सरकारलाई साम्राज्यवादी सरकार भनेर 'अविश्वास' गर्ने सिद्धान्त अगाडि बढाउनुभयो । मेन्सेविक, समाजवादी क्रान्तिकारीहरू र कामेनेभजस्ता अस्थायी सरकारको समर्थन गर्ने अर्धमेन्सेविकहरूलाई 'रक्षावादी' भनेर निन्दा गर्नुभयो । ३ अप्रिल १९१७ को दिन लेनिन विदेशबाट रुस फर्कनुभयो ।

२४ अप्रिल १९१७ को दिन बोल्शेविक पार्टीको सातौँ सम्मेलन भयो । सम्मेलनमा लेनिनले पुँजीवादी प्रजातान्त्रिक क्रान्तिलाई समाजवादी क्रान्तिमा फेर्ने सिद्धान्त अघि सार्नुभयो । स्तालिनले रुसी जातिको थिचोमिचोबाट अरू जातिका जनतालाई स्वतन्त्र गर्न र समानताको आधारमा जातीय राज्यहरू बनाउन अधिकार दिने सिद्धान्त अघि सार्नुभयो । त्यस सिद्धान्तले विभिन्न जातिहरूको बिचमा मजदुर एकता बलियो हुन्थ्यो र अन्तर्राष्ट्रिय पुँजी र सङ्कीर्ण राष्ट्रवादमाथि मजदुर आन्दोलनले विजय प्राप्त गर्न सक्दथ्यो । कामनेभ, राईकोभ, जिनोवियव, प्याताकोभ, बुखारिनजस्ता चमेराहरूले लेनिन र स्तालिनको सिद्धान्तको विरोध गरे पनि बहुमत प्रतिनिधिहरूले समर्थन गरे । पार्टीले केन्द्रीय समितिको एक राजनैतिक ब्युरोको व्यवस्था गऱ्यो । राजनैतिक ब्युरो (समिति) अध्यक्ष मण्डल वा कार्यकारिणी समितिजस्तै थियो । मे १९१७ मा स्तालिन राजनैतिक समितिको सदस्य चुनिनुभयो । त्यसबेलादेखि उहाँ पिटर्सवर्ग (पट्रोग्राड) मा लेनिनसँग बसेर काम गर्नुभयो । लेनिनकै रेखदेखमा उहाँ क्रान्तिकारी आन्दोलनको खफिस हुँदै जानुभयो । प्राब्दा र सोल्दासकाया प्राब्दा ( 'सत्य' र 'सैनिक सत्य') जस्ता अखबारहरूको सम्पादन र पेट्रोगाडका चुनावहरूको निर्देशन पनि गर्दै जानुभयो ।

१८ जून १९१७ को दिन स्तालिनले लेनिनसँग मिलेर अस्थायी सरकारको विरोधमा पेट्रोग्राडका ४ लाख मजदुरहरूको एक जुलुसको आयोजना गर्नुभयो । २० जूनको दिन स्तालिन सोभियतहरूको राष्ट्रव्यापी महाधिवेशनको कार्यकारिणी समितिमा चुनिनुभयो ।

३ जुलाईको दिन पनि पेट्रोग्राडमा फेरि मजदुरहरूको जुलुस भयो । पार्टीको नारा थियो, 'युद्ध मुर्दावाद !' र 'सारा सत्ता सोभियतलाई देऊ !' प्रदर्शनमा अस्थायी सरकारले गोली चलायो । पेट्रोग्राड मजदुरहरूको रगतले भिजेर रातो भयो । लेनिनमाथि राजद्रोहको मुद्दा चलाइयो । अस्थायी सरकारले लेनिनलाई पक्राउ पुर्जी पठायो । लेनिन फेरि लुकेर काम गर्न बाध्य हुनुभयो । त्यसबेलादेखि पार्टी केन्द्रीय समितिको सबै काम स्तालिनको निर्देशनमा चालु भयो ।

**रुसी क्रान्तिको नेतृत्वमा स्तालिन**

स्तालिन अब पार्टीको व्यवहारिक गतिविधिको केन्द्र बन्नुभयो । विभिन्न नाउँबाट निस्कने केन्द्रीय पार्टी मुखपत्रहरूलाई निर्देशन दिँदै जानुभयो । २६ जुलाईदेखि ३ अगस्तसम्म पार्टीको आठौँ महाधिवेशन गुप्तरूपले भयो । लेनिन सम्मेलनमा हाजिर हुनुभएन । लेनिनकै निर्देशनअनुसार स्तालिनले स्वेर्दलोब, मोलोतोब र बोर्जेनिकित्ससँग मिलेर महाधिवेशन अगाडि बढाउनुभयो । जुलाईको गोली काण्डदेखि देशको परिस्थिति फेरिसकेको थियो र स्तालिनले राजनैतिक रिपोर्टमा भन्नुभयो, "क्रान्तिको शान्तिमय सिलसिला टुङ्ग्यो, एक शान्तिविहीन, भिडन्त र विद्रोहको सिलसिला सुरु भएको छ ।" त्रात्सकीवादीहरूले पश्चिममा सर्वहारा क्रान्ति भएपछि मात्रै देश समाजवादतर्फ अगाडि बढ्नसक्छ भन्ने सिद्धान्त अगाडि सारे । स्तालिनले लेनिनको सिद्धान्तलाई अगाडि बढाउनुभयो, "यो कुरो सम्भावनाबाट पर छैन कि रुस नै समाजवादको बाटोमा लाग्ने पहिलो देश हुनेछ । हामीलाई युरोपले मात्रै बाटो देखाउन सक्नेछ भन्ने पुरानो विचारलाई त्याग्नुपर्छ । मार्क्सवाद कोरा सिद्धान्त र रचनात्मक दुई किसिमको हुन्छ । म रचनात्मक मार्क्सवादको पक्षमा छु ।" स्तालिनको वाक्य एक भविष्यवाणी बन्यो । रुस समाजवादको बाटोमा लाग्ने पहिलो देश बन्यो । अस्थायी सरकारलाई बलपूर्वक उल्टाइने छ, किसानवर्गको सहयोगबाट सर्वहारावर्गले सत्ता छिन्नेछ । बैठकले बैङ्क र कलकारखानालाई राष्ट्रियकरण गर्ने र किसानहरूलाई जग्गा दिने नीति स्वीकार गऱ्यो । बुखारिनले किसानहरूसँगको मित्रताको विरोध गऱ्यो । स्तालिनले गरिब किसानलाई मजदुरवर्गको साथी र क्रान्तिका सहयोगी हुन् भनेर भन्नुभयो । कामेनेभ, राइकोव, ट्राटस्कीहरू लेनिनलाई अदालतमा हाजिर गराउने पक्षमा थिए । पुँजीपतिवर्ग र अस्थायी सरकार लेनिनलाई मार्ने षड्यन्त्र गर्दै थिए । स्तालिनले हाजिर हुन जाने विचारको चर्को विरोध गर्नुभयो । सोभियत जनता, पार्टी र मानव जातिको निम्ति स्तालिनले लेनिनको ज्यान जोगाउनुभयो । बैठकले माथिदेखि तलसम्मका पार्टी समितिको चुनाव गर्ने, वर्गीय सङ्गठनहरूले पार्टीलाई रिपोर्ट दिने, बहुमतको अनुशासन मान्ने, माथिल्लो समितिको निर्णय तल्लो समितिले मान्ने, दुई पार्टी सदस्यको सिफारिसमा सदस्यता दिनेजस्ता जनवादी केन्द्रीयताको नीतिलाई स्वीकार गऱ्यो । पार्टी बैठकले मेजरायोन्सी, उसका साथीहरू र उसका नेता ट्राटस्कीलाई पार्टीमा भर्ना गऱ्यो । त्यस बैठकले पास गऱ्यो, "साथीहरू, नयाँ लडाइँको निम्ति तयारी गर । दृढता, बहादुरी र शान्तिपूर्वक, नभड्किकन, आफ्नो शक्ति बटुल र आफ्नो लडाकु दल बनाऊ । मजदुर र सिपाहीँहरू, पार्टी झन्डाको मुनि जम्मा होऊ !"

क्रान्ति गर्न १६ अक्टोबरको दिन केन्द्रीय समितिले स्तालिनको नेतृत्वमा एक पार्टी केन्द्र चुन्यो । कामेनेभ र जिनोभियवले विद्रोहको विरोध गरे । स्तालिनले विद्रोहको दिन तोक्ने र अनिश्चितरूपले पछाडि हट्दा क्रान्ति गुम्नेछ भनेर धोखेबाजहरूलाई जवाफ दिनुभयो ।

२४ अक्टोबरको दिन अस्थायी सरकारको प्रमुख कारेन्स्कीले पार्टीको केन्द्रीय मुखपत्र 'राबोची पुत' (मजदुरको बाटो) लाई दबाउने आदेश दियो । थुप्रै सशस्त्र मोटरहरू आएर मुखपत्रको सम्पादकीय र छापाखाना विभाग कब्जा गर्न खोज्यो । बिहान १० बजेको थियो । स्तालिनको निर्देशनमा लाल रक्षकहरूको दल र क्रान्तिकारी सेनाले सरकारी सशस्त्र मोटरहरूलाई पछि हट्न बाध्य पारे र छाप्ने र सम्पादन गर्ने ठाउँलाई रक्षा गर्न पहरा दिन थालियो । स्तालिनको मुख्य लेख 'हामीले के गर्ने' शीर्षक लिएर 'राबोची पुत' ११ बजे निस्क्यो । पार्टी केन्द्रको निर्देशनमा क्रान्तिकारी सेना र लाल रक्षकहरू रुमोल्नीमा पुगे । त्यहाँ लेनिन बस्नुभएको थियो । त्यो विद्रोहको सदरमुकाम थियो । विद्रोह सुरु भयो । रेल, तार-टेलिफोन, अड्डा-अदालत र मुख्य-मुख्य ठाउँहरू कब्जा गरियो ।

२५ अक्टोबरको १० बजेतिर पेट्रोग्राडको सोभियत सेनाको क्रान्तिकारी समितिले 'रुसका नागरिकहरूको नाममा' एक घोषणापत्र निकाल्यो । त्यसमा लेखिएको थियो, 'अस्थायी सरकारको गद्दी उल्टाइयो ।' शरद् दरबारमाथि हमला गरियो र सबै मन्त्रीहरू पक्रिए । प्रधानमन्त्री बनेका करेन्स्किचाहिँ एक दिन अगाडि नै एक माझीको भेषमा भागिसकेको थियो । साँझमा दोस्रो सोभियतको महाधिवेशनको बैठक बस्यो र सरकारको सबै शक्ति सोभियतमा गएको घोषणा गऱ्यो ।

२६ अक्टोबरको दिन लेनिनको अध्यक्षतामा एक मन्त्रिपरिषद् गठन गरियो । स्तालिन जातिसम्बन्धी कार्यपरिषद्को अध्यक्ष चुनिनुभयो । उहाँकै निर्देशनमा पार्टी सोभियत सरकारले युक्रेनियन, बेलोरुसिया, ट्रान्स ककेसिया आदि जारको उपनिवेशहरूलाई सोभियत गणतन्त्रहरूमा फेरिदियो । स्तालिनले नयाँ सरकारलाई बलियो बनाउने, नयाँ संविधान बनाउने र क्रान्तिविरोधीहरूसँग सङ्घर्ष गर्ने हरेक क्षेत्रमा लेनिनलाई सहयोग गर्नुभयो ।

१९१८ जनवरी महिनामा केन्द्रीय समितिको निर्देशनमा स्तालिनले युरोप र अमेरिकाका समाजवादी पार्टीहरूका क्रान्तिकारी पक्षलाई एक सम्मेलनमा बोलाउने बन्दोबस्त गर्नुभयो । तेस्रो कम्युनिस्ट अन्तर्राष्ट्रियको निर्माणको निम्ति त्यो एक महत्त्वपूर्ण पाइला थियो ।




दक्षिण अमेरिकी देश अर्जेन्टिनाका दक्षिणपन्थी राष्ट्रपति ह्याभियर मिलेइ सरकारको वातावरण र हिमनदी बिगार्ने नीतिको विरोधमा राजधानी ब्युनसआयर्सस्थित संसद् भवन अगाडि विरोध प्रदर्शन गर्दै वातावरणवादी अभियन्ता र कार्यकर्ताहरू डिसेम्बर २२, २०२५ का दिन । विरोध प्रदर्शनको क्रममा उनीहरूले बोकेको ब्यानरमा स्पेनिस भाषामा 'हिमनदीबिना पानी हुनेछैन' लेखिएको छ । *तस्बिर : एपी/रोड्रिगो अब्द*

# भेनेजुयला र मादुरोमाथि ट्रम्पको अनाहक दबाब

वासिङ्टन, ८ पुस (एएफपी) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोले पदबाट राजीनामा दिनु 'बुद्धिमानी' हुने धारणा व्यक्त गरेका छन् । अमेरिकी नौसेनाले भेनेजुयलाको तेल सम्पत्तिमाथि नाकाबन्दी कडा बनाउँदै दबाब बढाइरहेका बेला ट्रम्पको यो अभिव्यक्ति आएको हो ।

मादुरोले करिब १२ वर्षदेखि सत्ता सम्हालिरहनुभएको सन्दर्भमा पत्रकारहरूले उहाँलाई राजीनामा दिन बाध्य पार्ने उद्देश्य हो कि भन्ने प्रश्न सोध्दा ट्रम्पले निर्णय मादुरो स्वयंको हातमा रहेको बताउनुभयो । ट्रम्पले 'उहाँले त्यसो गर्नु बुद्धिमानी हुनेछ' भन्दै चेतावनीपूर्ण शैलीमा प्रतिक्रिया दिनुभयो । ट्रम्पले मादुरोले कडा अडान लिएको खण्डमा त्यो अन्तिमपटक मात्र हुने चेतावनीसमेत दिएका छन् ।

यसको जवाफमा भेनेजुयलाका राष्ट्रपति मादुरोले ट्रम्पलाई आफ्नै देशको घरेलु समस्या–विशेषगरी आर्थिक र सामाजिक चुनौती–मा ध्यान केन्द्रित गर्न सुझाव दिनुभयो । सार्वजनिक टेलिभिजनमार्फत सम्बोधन गर्दै मादुरोले अमेरिकाले आफ्ना आन्तरिक मामिलाहरू सम्हाल्न सके विश्व समुदायका लागि पनि सकारात्मक सन्देश जाने धारणा राख्नुभयो ।

यसैबिच, भेनेजुयलाका प्रमुख सहयोगी रुसले मादुरो सरकारप्रति 'पूर्ण समर्थन' दोहोर्‍याएको छ । युक्रेन युद्धमा व्यस्त रहेको मस्कोले बढ्दो सङ्कटबारे छलफल गर्न संयुक्त राष्ट्र सुरक्षा परिषद्को बैठकको पूर्वसन्ध्यामा आफ्नो समर्थन सार्वजनिक गरेको हो । रुसी विदेश मन्त्रालयका अनुसार विदेशमन्त्री सर्गेई लाभ्रोभ र भेनेजुयलाका समकक्षी इवान गिलबिच फोन वार्ता भएको थियो, जसमा अमेरिकी कारबाहीको कडा आलोचना गरिएको छ ।

रुसी पक्षले क्यारेबियन सागरमा अमेरिकी गतिविधि बढेकामा गहिरो चिन्ता व्यक्त गर्दै यसले क्षेत्रीय स्थिरता र अन्तर्राष्ट्रिय ढुवानीमा गम्भीर असर पार्न सक्ने चेतावनी दिएको छ । साथै, वर्तमान परिस्थितिमा भेनेजुयलाको नेतृत्व र जनताप्रति पूर्ण ऐक्यबद्धता व्यक्त गरिएको छ ।

अमेरिकाले सेप्टेम्बरदेखि क्यारेबियन र पूर्वी प्रशान्त क्षेत्रमा लागुऔषध तस्करीको आरोप लगाउँदै डुङ्गामाथि आक्रमण थालेको जनाएको छ । तर, भेनेजुयलाका परिवार र सरकारका अनुसार ती कारबाहीमा १०० भन्दा बढी मानिस मारिएका छन्, जसमा निर्दोष माझीहरू पनि परेका छन् । पछिल्लो आक्रमणमा पूर्वी प्रशान्त महासागरमा रहेको एक सानो जहाजमा प्रहार हुँदा एकजनाको मृत्यु भएको अमेरिकी सेनाले जनाएको छ ।

गत हप्ता ट्रम्पले भेनेजुयलाबाट आउने-जाने 'प्रतिबन्धित तेल जहाज' रोक्ने घोषणा गरेका थिए । उनले काराकासले तेलको आम्दानी लागुऔषध आतङ्कवाद, मानव बेचबिखन, हत्या र अपहरणमा प्रयोग गरिरहेको आरोप लगाए । यसको प्रतिउत्तरमा भेनेजुयलाले अमेरिकामाथि शासन परिवर्तन खोजेको र अन्तर्राष्ट्रिय पाइरेसी गरेको आरोप लगाएको छ ।

रुस र चीनले भेनेजुयलाको आग्रहमा संयुक्त राष्ट्र सुरक्षा परिषद्को बैठक बोलाउने प्रस्तावलाई समर्थन गरेका छन् । मस्कोको विज्ञप्तिमा अन्तर्राष्ट्रिय मञ्च, विशेषगरी संयुक्त राष्ट्रसङ्घमा आपसी समन्वय बढाउने सहमति भएको उल्लेख छ ।

यसैक्रममा भेनेजुयलाका विदेशमन्त्री गिलले टेलिग्राममार्फत क्यारेबियन क्षेत्रमा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन, गैरन्यायिक हत्या र अमेरिकी समुद्री कारबाहीबारे छलफल भएको जानकारी दिनुभएको छ । उहाँका अनुसार लाभ्रोभले भेनेजुयलाविरुद्धको शत्रुताको सामना गर्न रुसको पूर्ण समर्थन पुनः पुष्टि गर्नुभएको छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले भने भेनेजुयलालाई रुसले दिएको समर्थनलाई कम आँक्दै, रुस युक्रेन युद्धमा व्यस्त भएकाले वासिङ्टन चिन्तित नभएको टिप्पणी गर्नुभएको छ । युक्रेन युद्धको समाधान नआउँदा ट्रम्पले मस्कोप्रति असन्तुष्टि व्यक्त गरेसँगै अमेरिका-रुस सम्बन्धमा तनाव देखिएको छ ।

यसै सन्दर्भमा, राष्ट्रपति मादुरोले संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूलाई सम्बोधन गर्दै पठाएको पत्र राज्य टेलिभिजनमा पढेर सुनाइएको छ, जसमा अमेरिकी नाकाबन्दीले विश्वव्यापी रूपमा तेल र ऊर्जाको आपूर्तिमा गम्भीर असर पार्ने चेतावनी दिइएको छ ।

# सीमा वार्ता मलेसियामा सार्न कम्बोडियाको आग्रह

न्होम पेन, ८ पुस (एएफपी) । कम्बोडियाले थाइल्यान्डसँगको सीमा विवादसम्बन्धी वार्ता तटस्थ स्थान मलेसियाको क्वालालम्पुरमा सार्न आग्रह गरेको छ । कम्बोडियाको रक्षा मन्त्रालयले थाई समकक्षीलाई पठाएको पत्रानुसार दुई देशबिच दुई हप्तादेखि जारी घातक सीमा झडपपछि युद्धविरामका सर्तहरूबारे छलफल गर्न तयारी भइरहेका बेला यो प्रस्ताव आएको हो ।

यस महिनाको सुरुमा पुनः सुरु भएको लडाइँले अघिल्लो युद्धविरामलाई ध्वस्त पारेको थियो । अधिकारीहरूका अनुसार ती झडपमा थाइल्यान्डतर्फ कम्तीमा २३ जना र कम्बोडियातर्फ २१ जनाको ज्यान गएको छ भने दुवै देशका गरी नौ लाखभन्दा बढी नागरिक विस्थापित भएका छन् ।

थाइल्यान्डका विदेशमन्त्री सिहासाक फुआङकेटकोले सोमबार मलेसियाको राजधानी क्वालालम्पुरमा दक्षिणपूर्वी एसियाली राष्ट्र सङ्घ (आसियान) का विदेशमन्त्रीहरूसँगको भेटपछि कम्बोडियासँग वार्ता गर्ने घोषणा गर्नुभएको थियो । उहाँले विद्यमान द्विपक्षीय सीमा समितिको ढाँचाअन्तर्गत बुधबार थाइल्यान्डको चन्थाबुरीमा बैठक हुने जानकारी पत्रकारहरूलाई दिनुभएको थियो ।

तर, त्यसैदिन कम्बोडियाका रक्षामन्त्री टी सेइहाले थाई समकक्षी नट्टाफोन नार्कफानितलाई पत्र पठाउँदै वार्ता क्वालालम्पुरमा गर्न अनुरोध गर्नुभएको छ । पत्रमा उहाँले सीमामा जारी लडाइँका कारण सुरक्षा जोखिम बढेकाले बैठक सुरक्षित र तटस्थ स्थानमा गर्नु उपयुक्त हुने उल्लेख गर्नुभएको छ । उक्त पत्र एएफपीले मङ्गलबार प्राप्त गरेको र मन्त्रालयले यसको पुष्टि गरेको छ ।

रक्षामन्त्री सेइहाका अनुसार हाल आसियानको अध्यक्ष रहेको मलेसियाले क्वालालम्पुरमा वार्ताको आयोजना गर्न सहमति जनाएको छ । यसले वार्ताका लागि तटस्थ वातावरण सुनिश्चित हुने विश्वास मलेसियाले व्यक्त गरेको छ ।

यद्यपि, दुवै पक्ष वार्तामा सहमत भएको घोषणा भएको केही समयपछि नै अवस्था फेरि तनावपूर्ण बनेको छ । कम्बोडियाका अनुसार थाइल्यान्डले सोमबार आफ्नो भूभागमा हवाई आक्रमण गरेको छ । कम्बोडियाको रक्षा मन्त्रालयका प्रवक्ता माली सोचेटाले मङ्गलबार बिहानसम्म पनि सीमामा झडप जारी रहेको जानकारी पत्रकारहरूलाई दिनुभयो ।

मन्त्रालयद्वारा जारी विज्ञप्तिमा थाई सेनामाथि कम्बोडियाको सीमावर्ती सहर पोइपेटमा गोलाबारी गरेको आरोप लगाइएको छ । यस घटनाक्रमले वार्ताको वातावरण थप जटिल बनेको देखिएको छ भने दुवै देशबिचको तनाव अझै कम नभएको सङ्केत दिएको छ ।

## विश्व सङ्क्षेप

# युरोपेली सङ्घद्वारा रुसी न्यायपालिकाका सदस्यमाथि प्रतिबन्ध

ब्रसेल्स, ८ पुस (क्यूएनए) । युरोपेली सङ्घ (ईयू) ले सोमबार रुसी न्यायपालिकाका दुई सदस्यमाथि प्रतिबन्ध लगाएको छ ।

युरोपियन युनियनका सदस्य राष्ट्रहरूले दिमित्री गोर्डेयेभ र ल्युडमिला बालान्डिनामाथि प्रतिबन्ध लगाएको एक विज्ञप्तिमा उल्लेख गरिएको छ । प्रतिबन्धहरूअन्तर्गत, रुसी न्यायपालिकाका दुई सदस्यहरूलाई ईयूमा प्रवेश गर्न वा यसको सदस्य राष्ट्रहरूमा रहेको सम्पत्ति प्रयोग गर्न प्रतिबन्ध लगाइएको जनाइएको छ ।

ईयूको विज्ञप्तिका अनुसार यी दुई व्यक्तिहरूले घोर मानव अधिकार उल्लङ्घन, नागरिक समाज र लोकतान्त्रिक पद्धतिको दमन र लोकतन्त्रको अवमूल्यनका लागि जिम्मेवार रहेकाले उनीहरूलाई प्रतिबन्द लगाइएको हो ।

# अमेरिकामा मेक्सिकन विमान दुर्घटना, पाँच जनाको मृत्यु

मेक्सिको सिटी, ८पुस (एएफपी) । अमेरिकी राज्य टेक्सासमा मेक्सिकन नौ - सेनाको चिकित्सा सामाग्री बोकेको विमान दुर्घटना ग्रस्त भएपछि कम्तिमा पाँच जनाको मृत्यु भएको सेनाले जनाएको छ ।

मानवीय अभियानमा रहेको विमानमा आठ जना यात्रुहरू सवार रहेको मेक्सिकोको सेना सचिवालयले एक विज्ञप्तिमार्फत जनाएको छ ।

सुरुवाती समयमा दुर्घटनामा दुई जनाको मृत्यु भएको रिपोर्ट गरिएकोमा हाल मृतकको सङ्ख्या बढेर पाँच जना पुगेको जनाइएको छ भने दुर्घटनाबाट दुई जना यात्रुहरू बाँच्न सफल भएको जनाइएको छ ।

अमेरिकी तटरक्षकको खोजी प्रयासका बाबजुद उक्त उडानमा रहेका एक जना व्यक्ति अझै बेपत्ता रहेको सचिवालयले जनाएको छ ।

विमान टेक्सासको ग्यालभेस्टन नजिक पुग्दा दुर्घटना भएको जनाइएको छ ।

विशेष चिकित्सा वहाक मिसनलाई मेक्सिकन फाउन्डेसनसँग समन्वय गरिएको थियो जसले गम्भीर जलेका बच्चाहरूको हेरचाह गर्दछ ।

फ्लाइट ट्र्याकिङ वेबसाइट फ्लाइट रडारका अनुसार विमानले मेक्सिकोको युकाटन राज्यको मेरिडाबाट उडान भरेको थियो भने अन्तिमपटक स्कोल्स अन्तर्राष्ट्रिय विमानस्थल नजिकैको ग्यालभेस्टन खाडीमा पुगेको जानकारी रेकर्ड गरिएको थियो ।


## धितो लिलाम गर्नेबारे १५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशन मिति : २०८२/०९/०९ गते**

यस संस्थाको ऋण नीतिबमोजिम तपसिलमा उल्लेखित ऋणी सदस्यले उपयोग गरेको ऋणको सावाँ, ब्याज र हर्जना रकम तिर्न बुझाउनुपर्नेमा पटक-पटक पत्राचार गरी ताकेता तथा स्मरण गर्दा पनि तिर्न बुझाउन नआएकोले मिति २०८२/०७/२२मा ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको थियो । उक्त सूचना प्रकाशन गरी ऋण भुक्तानीको आग्रह गर्दा समेत ऋणीले ऋणको सावाँ, ब्याज तथा हर्जनासमेत तिर्न बुझाउन नआएकोले संस्थाको ऋण रकम असुलउपर गर्नका लागि ऋणीले ऋणको सुरक्षणबापत लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति (घरजग्गासमेत) जहाँ जस्तो अवस्थामा छ त्यस्तै अवस्थामा लिलाम बिक्रीको लागि सहकारी ऐन २०७४ को दफा ६९ र नियमावली २०७५ को नियम ३० (घ) बमोजिम धितो बापतको सम्पत्ति लिलाम बिक्रीको लागि यो १५ दिने सूचना प्रकाशन गरिएको छ । सिलबन्दी बोलपत्र फारमका साथ संलग्न सर्त बन्देजहरूको अधीनमा रही तपसिलमा उल्लेखित अचल सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र यस संस्थाको केन्द्रीय कार्यालय भक्तपुर, सल्लाघारीमा तोकिएको समयभित्र आइपुग्ने गरी शिलबन्दी बोलपत्र पेस गर्नुहुन आह्वान गरिन्छ । बोलपत्र खोल्ने दिन बोलपत्रदाताहरू तथा ऋणीलाई समेत उपस्थितिको लागि यसै सूचनामार्फत सूचित गरिन्छ । तर, कोही उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्नेछैन । सुरक्षणमा रहको सम्पूर्ण धितो बिक्री गर्दा संस्थाको सम्पूर्ण लेना रकम असुल नभएमा जमानी बस्ने व्यक्तिहरूको नाममा रहेको चलअचल जायजेथाबाट असुलउपर गर्नुका साथै सहकारी ऐन २०७४ को दफा ८० बमोजिमको कालो सूचीमा नाम समावेश गरी दफा ८१ बमोजिम स्थापित कर्जा सूचना केन्द्रमा लेखी पठाउने समेत सूचित गरिन्छ ।

**तपसिल**

**ऋणीको नाम** : बिकि बासुकला
**ऋणीको ठेगाना** : भक्तपुर-१०, ब्यासी
**जमानीकर्ताहरूको विवरण** : कृष्णराम बासुकला, भक्तपुर-१०, ब्यासी
**धितोको विवरण** : भक्तपुर जिल्ला भक्तपुर न.पा. वडा नं. १० बस्ने लतमान बासुकलाको नाति अष्टमान बासुकलाको छोरा वर्ष ६१ को कृष्णराम बासुकलाको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता श्रेस्ता कायम भएको भक्तपुर जिल्ला साबिक झौखेल गा.वि.स. वडा नं.८ (ग) को हाल चा.न.पा. वडा नं.२ कि.नं.१२८७ क्षे.फ. ०-८-१-० को जग्गा कित्ता-१

**सर्त बन्देजहरू** :

१. बोलपत्र साथ आफूले कबोल गरेको रकमको १० प्रतिशत रकम संस्थाको नाममा Prime Commercial Bank मा रहेको बैङ्क खाता नं. २११०१०००००००२३००१५१ मा जम्मा गरेको सक्कलै भौचर पेस गर्नुपर्नेछ ।
२. प्राप्त बोलपत्रहरू सूचना प्रकाशन भएको मितिले १६ औं दिनको दिउँसो ३:०० बजे संस्थाको कार्यालयमा खोलिने छ । सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट उल्लेखित समय र स्थानमा खोलिनेछ ।
३. लिलाम गर्न लागेको अचल सम्पत्ति निरीक्षण गर्न चाहने व्यक्तिले कार्यालय समयभित्र सम्पर्क गरेर हेर्न सक्नुहुनेछ ।
४. प्राप्त बोलपत्रको हकमा कुनै पनि कारण नखुलाई स्वीकृत वा अस्वीकृत गर्ने अधिकार संस्थासँग नै सुरक्षित रहनेछ ।
५. बोलपत्रसम्बन्धी फारम संस्थाको कार्यालयबाट रु.१००।- (पछि फिर्ता नहुने) तिरी खरिद गर्न सकिनेछ ।

स्थायी लेखा नं.: ३०१८५६६०५ दर्ता नं. ४३/०५४/०५५

सूर्यविनायक
बहुउद्देश्यीय सहकारी संस्था लि.
सल्लाघारी, भक्तपुर, फोन: ०१-६६१११५०, ९८४५१८०७०५, Emaill: sbmsavings@gmail.com

# दुर्गममा स्वास्थ्य समस्या : पहुँच कि चेतना ?

✍ बलिराज बुढा



स्वास्थ्य सेवालाई सर्वव्यापी बनाउने उद्देश्यअनुरूप सङ्घीय संरचनाअघि मात्र होइन, पछि आएर झनै बढी देशभर स्वास्थ्य सेवा विस्तार भएको देखिन्छ। पछिल्ला वर्षहरूमा प्रत्येक वडा तथा गाउँमा धेरै स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन भएका छन्। सङ्घीयतापछि स्थानीय सरकारले आफ्नो क्षेत्रमा विभिन्न तहका स्वास्थ्य संस्था तथा अस्पतालको स्थापना र स्तरोन्नति गरेको पाइन्छ।

नेपालको संविधानले स्वास्थ्य क्षेत्रलाई विशिष्ट, अति संवेदनशील तथा अत्यन्तै प्राविधिक विषयका रूपमा लिएको छ। देशको ठूलो जनशक्ति स्वास्थ्यकर्मीमा संलग्न रहेको र संविधान प्रदत्त स्वास्थ्यसम्बन्धी अधिकार सुनिश्चित गर्ने लक्ष्यअनुसार विभिन्न तहका सरकारद्वारा केन्द्रमा केन्द्रीय अस्पताल, प्रदेशमा प्रदेश अस्पताल, जिल्लामा जिल्ला अस्पताल तथा स्थानीय तहमा प्राइमरी अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य इकाइजस्ता संरचनाहरू विस्तार भएका छन्।

सडक पहुँच कम हुनु तथा बसोबासको भौगोलिक कठिनाइका कारण स्थानीयस्तरमै जनताले स्वास्थ्य समस्या झेल्नुपरेको अवस्था अझै कायम छ। समयमा रोग पहिचान नहुनु, जटिल रोग पहिचान तथा उपचारका लागि लाग्ने खर्चको अभाव, घरमै थला परेर उपचार रकमको जोहो गर्दै सुविधासम्पन्न अस्पताल पुग्दा रोग अत्यधिक बल्झिसकेको हुने अवस्था कर्णालीवासीको अझै बाध्यता बनेको छ। यसकारण, धेरैले निको नहुने अवस्थामा मृत्यु पर्खेर घर फर्किनुपर्ने अवस्था भोगिरहेका छन्।

समयमै लगानी गरी जीवन बचाउनुको सट्टा सबै तहमा जटिल रोग र दुर्घटनाबाट हुने मृत्युको खर्च तिर्दै जनता हैरान छन्। सहर र गाउँ दुवै क्षेत्रमा सरुवाभन्दा नसर्ने रोगको प्रकोप बढ्दो छ। सरुवा रोगका लागि धेरै भ्याक्सिन तथा एन्टिजिन विकास भइसके पनि लुकेर महामारी बनेका नसर्ने रोगका लागि प्रभावकारी योजना तथा रणनीति अझै पर्याप्त रूपमा बन्न सकेको छैन। स्थानीय स्तरका स्वास्थ्य संस्थालाई न्यूनतम मापदण्डअनुसार सबै प्रकारका स्वास्थ्य सेवाको पहुँच सुनिश्चित हुने गरी सञ्चालन गर्न सकिएको छैन।

अत्यावश्यक समस्या तथा दुर्घटना कर्णालीका माथिल्ला जिल्लामा एकातिर बढी हुने र अर्कोतिर नजिकै विशिष्ट स्वास्थ्य सेवा दिने अस्पतालको अभाव छ। हाल मुगु जिल्लाका चारवटै स्थानीय तहमा न्यून चिकित्सकसहित सीमित सेवा र स्वास्थ्यकर्मी मात्र उपलब्ध छन्। मुगु जिल्लालगायत कर्णाली प्रदेशका अन्य जिल्लामा स्वास्थ्य क्षेत्रमा देखिएका यी जल्दाबल्दा समस्याहरू समाधान गर्न तत्काल पहल आवश्यक देखिन्छ।

नेपालमा सामुदायिक अस्पतालको सङ्ख्या २०० नाघेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सार्वजनिक गरेको 'नेपाल हेल्थ फ्याक्ट सिट २०२३' अनुसार आर्थिक वर्ष २०७९/०८० मा देशभर सामुदायिक अस्पतालको सङ्ख्या २१५ पुगेको देखिन्छ। कर्णाली प्रदेशमा भने अस्पतालको सङ्ख्या २८ रहेको तथ्याङ्कले देखाउँछ भने नेपालमा आर्थिक वर्ष २०७८/०७९ मा २ हजार १५५ वटा निजी अस्पताल रहेको तथ्याङ्क छ।

यसरी देशभर स्वास्थ्य संरचना थपिँदै जाँदा दुर्गम भनिएका जिल्लामा पनि स्वास्थ्य संस्था विस्तार नभएका भने होइनन्। यसैगरी, विभिन्न सरकारले सञ्चालन गरेका जनस्वास्थ्य अभियानअन्तर्गत दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मी परिचालन गरिएको पनि पाइन्छ।

एकातिर जनस्वास्थ्यका लागि लगानी वृद्धि भइरहेको छ भने अर्कोतर्फ झण्डै ६६ प्रतिशतभन्दा बढी मानिस नसर्ने रोगका कारण ज्यान गुमाउनुपरेको तथ्याङ्कले दुर्गम जिल्लामा नसर्ने रोगको प्रभाव झनै गहिरो रहेको देखाउँछ।

वर्षेनी क्यान्सर, मुटुरोग, मिर्गौला समस्या, उच्च रक्तचाप, स्ट्रोक, हृदयघात, दम तथा अत्यधिक जाँड-रक्सी सेवनबाट हुने सिरोसिसजस्ता समस्याले कलिलै उमेरमा मृत्यु भइरहेको छ। अझ पहिचान नै नभएका नसर्ने रोगको वास्तविक सङ्ख्या कति होला भन्ने प्रश्न गम्भीर बनेको छ। साथै कर्णालीका विकट जिल्लामा सडक सञ्जाल नजोडिँदा रेफर गरिएका बिरामीसमेत घरमै मृत्यु हुन बाध्य छन्।

यसरी सरुवा रोग, दुर्घटना तथा विभिन्न नसर्ने रोगको जोखिमका बाबजुद दुर्गम जिल्लामा स्वास्थ्य समस्या उस्तै रहनु जनताको शैक्षिक स्तर, स्वास्थ्य चेतनाको कमी, रोग तथा बिरामीलाई दिने उपचार पद्धतिको उचित अनुसरण नहुनु, अस्वस्थ जीवनशैली, स्थानीय पौष्टिक खाद्यवस्तुको सट्टा अखाद्य बाह्य खानाको बढ्दो प्रयोग, तथा प्रवर्द्धनात्मक स्वास्थ्य शिक्षाको अभावसँग जोडिएको देखिन्छ। परम्परागत उपचार पद्धति र रूढीवादी विश्वासका कारण पनि साना बालबालिकादेखि सुत्केरी महिलासम्म दुर्गम जिल्लामा उच्च मृत्युदर देखिएको छ।

अन्ततः यसको निराकरणका लागि औषधि, स्वास्थ्य जनशक्ति र उपकरणमात्र पर्याप्त हुँदैन। उचित माध्यमबाट जनताको स्वास्थ्यप्रतिको धारणा र चेतनामा विकास गर्दै जीवनशैलीमा सकारात्मक परिवर्तन ल्याउनु अत्यावश्यक छ। साथै देशभर सञ्चालन भइरहेका स्वास्थ्य अभियानलाई दिगो बनाउँदै विद्यमान स्वास्थ्य संस्थाबाट गुणस्तरीय सेवाको प्रत्याभूति आवश्यक छ।

जनताको शैक्षिक स्तर र स्वास्थ्य जीवनशैली एक-अर्काका परिपूरक भएकाले स्थान, समाज र संस्कृतिअनुसार उपयुक्त माध्यम प्रयोग गरी जनतालाई स्वयं स्वास्थ्यप्रति जागरुक गराउनु आजको आवश्यकता हो।

*(बुढा मुगुम कार्मारोङ गाउँपालिकामा जनस्वास्थ्य निरीक्षकका कार्यरत छन्।)*

# मासुमा मात्र होइन शाकाहारी भोजनमा पनि पर्याप्त प्रोटिन हुन्छ

✍ अरुणा उप्रेती

हिजोआज कसरत गर्ने व्यक्तिहरू 'प्रोटिन सेक, प्रोटिन पाउडर' किनेर खान्छन्। तर, यसले स्वास्थ्यमा नकारात्मक असर पर्छ भनेर जनस्वास्थ्य विज्ञहरूले भनेका छन्।

प्रोटिनले भरिपूर्ण पूरक आहार खानुपर्छ भनेर धेरै भ्रामक' विज्ञापन मा कम्पनीहरूले करोडौँ रूपैयाँ खर्च गर्छ। त्यसले गर्दा स्वस्थ रहन 'बजारको प्रोटिन' चाहिन्छ भन्ने भ्रम पर्छ। वास्तवमा प्रोटिन पाउन महँगा औषधि र प्रोटिन शेक होइन दाल, गेडागुडी, अण्डाजस्ता वस्तुको प्रयोग ठीक हुन्छ।

मानव शरीरको हरेक कोष प्रोटिनले बनेको हुन्छ। शरीरको कुनै पनि अङ्ग जस्तै मांसपेशी, हाड बन्न प्रोटिन नै चाहिन्छ। मानव शरीरलाई दुरुस्त रूपले चलाउन अनेक आन्तरिक रस हार्मोन बनाउन प्रोटिन नै चाहिन्छ। बलको काम गर्न, बिरामीबाट तङ्ग्रिन पनि शरीरमा पर्याप्त प्रोटिन चाहिन्छ।




गर्भवस्थामा भने महिलालाई सामान्य अवस्थाभन्दा बढी प्रोटिनको जरुरत पर्छ। प्रोटिनको कमीले गर्दा आमा र बच्चामा रगतको कमी हुन्छ।

गर्भवतीलाई पूर्ण रूपमा सन्तुलित भोजन पुगोस् भनेर हाम्रो संस्कृतिमा पनि कतिपय चलन चलाइएको हो। गर्भवतीलाई दही चिउरा ख्वाउने, गर्भवतीलाई खान मन लागेको कुरा बनाएर ख्वाउने, आफन्त र छिमेकीहरू बोलाएर मिठो मिठो पकाएर ख्वाउने चलन छ। कतिपय ठाउँमा त गर्भवतीलाई 'दो जिया' अर्थात् दुई जिउकी भनेर दुई जनाको लागि खानुपर्छ भनिन्छ।

स्वस्थ रहनका अन्य सूक्ष्म पोषण तत्त्वसँगै प्रोटिन असाध्यै जरुरी छ। अण्डा र पनिर दुवैमा प्रोटिनका साथै अन्य थुप्रै पोषक तत्त्व जस्तै क्याल्सियम, बी-१२ र आइरन हुन्छन्। शाकाहारीले प्रोटिनका लागि दाल, गेडागुडी र पनिर खानुपर्छ भने मांसाहारीका लागि विभिन्न विकल्प छन्।

एउटा उसिनेको अण्डा (४४ ग्राम) मा ५.५ ग्राम प्रोटिन, क्याल्सियम २४.६ ग्राम हुन्छ। पनिरमा ७ ग्राम प्रोटिन र १९०.४ मिलिग्राम क्याल्सियम हुन्छ।

दुवैमा भिटामिन बी-१२, आइरन, क्याल्सियम र थुप्रै भिटामिन पाइन्छ। अण्डा र पनिरले शरीरलाई सुगठित बनाउन र तौल कम गर्न मद्दत गर्छ। प्रोटिनको स्रोत माछा, मासु, अण्डा आदि प्रोटिनका मांसाहारी स्रोत हुन्।

भटमास बकुला, दाल, गेडागुडी, गहत, दूध, फर्सीको बियाँ, तिल आलस आदिमा पनि प्रोटिन पाइन्छ। तर यी खानेकुरालाई बेवास्ता गरेर 'प्रोटिन' पाउन महँगो मासु वा बजारको प्रोटिन भएको औषधि नै खानुपर्छ भन्ने भ्रम पनि कतिपयमा पाइन्छ।

उदाहरणका लागि, हाम्रो घरमा पाइने सिमी प्रोटिन र रेशादार तत्त्वको निकै राम्रो स्रोत हो। पोषणविद् यसलाई प्रोटिनको 'पावरहाउस' पनि भन्छन्। सुकाइएको र हरियो सिमी सबैमा प्रोटिनका साथै पर्याप्त मात्रामा भिटामिन ए, सी, के र बी ६ पाइन्छ। एक कप उमालेको सिमीमा करिब ७ ग्राम प्रोटिन हुन्छ।

चना, मुँग, दालजस्ता उमारिएको गेडागुडीमा प्रोटिन निकै बढी पाइन्छ। एक कप उमारिएको अन्नमा १३ देखि १६ ग्रामसम्म प्रोटिन हुन्छ। यसमा क्यालोरी कम हुन्छ। यस्ता गेडागुडी, सलादमा मिसाएर भातसँग खिचडी बनाएर, पिसेर रोटीसँग, सुप उमालेर खानाले पनि यसमा भएको प्रोटिनको फाइदा लिन सकिन्छ।

प्रोटिन तत्त्वबाहेक यस्ता वस्तुमा पर्याप्त मात्रामा रेशादार तत्त्व, लौह तत्त्व, क्याल्सियम आदि पनि हुन्छ। शिशुलाई पनि वास्तवमा बाहिरका बट्टाको भोजन होइन घरमा नै बनाएको लिटो, हलुवा, जाउलो, अण्डा आदि दिँदा उसको शरीरमा पर्याप्त प्रोटिन र शरीरलाई चाहिने पौष्टिक तत्त्व सहजै पुग्छ।

'दालमा प्रोटिनको मात्रा साथै अनेक सूक्ष्म पौष्टिक तत्त्व, रेसादार तत्त्व पनि पर्याप्त हुन्छ। भात र तरकारीसँग दाल मिश्रण गरेर खाँदा शरीरमा चाहिने खनिज तत्त्वहरू सहजै शरीरमा जान्छ, रेसादार तत्त्वले शरीरमा चिनीको मात्रा सन्तुलनमा राख्न पनि मद्दत गर्छ।

दाल र गेडागुडीको प्रोटिनको स्रोत भनेर अनेक अध्ययन अनुसन्धानबाट विज्ञहरूले प्रमाणित गरेका छन्। तर, हामी भने 'घरको मुर्गी दाल खराब भनेर हेला गर्छौं।

यदि विभिन्न थरीका दालहरू मिसाएर खाइयो र त्यसमाथि गेडागुडी र टुसा उमारेर प्रयोग गरियो भने शाकाहारीहरूले पर्याप्त प्रोटिन सजिलै पाउन मद्दत गर्छ। पोषणविद्ले बारम्बार भनेका छन्। एसियामा दाल र गेडागुडी अनेक तरिकाले प्रयोग गरिन्छ।

युवाहरू शरीर बनाउने नाममा धेरै बाहिरका 'प्रोटिनयुक्त' वस्तु खान्छन्। तर, अन्तर्राष्ट्रिय, राष्ट्रियस्तरका खेलाडीहरूका लागि चाहिने पोषण तत्त्व, प्रोटिनको मात्राबारे उनीहरूका चिकित्सक र पोषणविद्को सल्लाहअनुसार नै चल्नुपर्छ।

शाकाहारीले आफूलाई प्रोटिन पुग्दैन कि भनेर डराउनु पर्दैन। उनीहरूले विभिन्न वनस्पति, अन्न आदिको प्रयोग गरे स्वस्थ रहन बाहिरका प्रोटिनको चक्की खानु पर्दैन।

मधुमेह, मिर्गौला, मुटुका समस्या भएकाहरूले कति प्रोटिन प्रयोग गर्नुपर्छ भनेर स्वास्थ्यकर्मीसँग परामर्श गर्नैपर्छ।

सहजसँग पाइन सक्ने चनाको सातु एउटा उत्तम घरमा बनाउन सकिने प्रोटिनले भरिपूर्ण भोजन हो। यो सानो बच्चादेखि वयस्क र वृद्ध सबैलाई काम लाग्छ।

चना भुटेर त्यसलाई पिठो बनाएर पानीमा कागती र बीरे नुन हालेर दूधमा मिसाएर खाँदा स्वस्थ र स्वाद दुवै हुन्छ। यसरी मिसाएर नखानेहरूलाई तरकारी र दालमा हालेर दिँदा हुन्छ। आजकल त बजारमा पनि सहजै चना, जौको सातु किन्न पाइन्छ।

बदाम पनि प्रोटिनयुक्त एक उत्तम स्रोत हो। बदाम भुटेर भातमा हालेर खान सकिन्छ। बदाम भिजाएर टुसा उम्रेपछि पिसेर हलुवामा पनि हालेर खान सकिन्छ। यस्तो भोजन सानो नानीदेखि वयस्क सबैले प्रयोग गर्न सक्छन्। कसैलाई बदाममा एलर्जी छ भने उनीहरूले प्रयोग नगर्नु नै बेस हुन्छ।

प्रोटिन पाउन कोदोको पिठोको हलुवा, रोटी बनाउन सकिन्छ। कोदोको पिठो, आटा, फापरसँग मिसाउँदा झन् पौष्टिक बन्छ। कोदोकोलिटो, हलुवा बनाएर शिशुलाई ख्वाउन सकिन्छ।

यदि कसैलाई दूधमा एलर्जी वा दूध पचाउन गाह्रो हुन्छ भने उनीहरूले विभिन्न प्रकारका सातुलाई दहीमा हालेर प्रयोग गर्न सक्छन्। यसरी प्रयोग गर्दा त्यसमा स्वादअनुसार दालचिनी, जाइफल, मरिचको धूलो हालेर प्रोटिन र अन्य सूक्ष्म पोषकतत्त्व सजिलै पाउन सकिन्छ।

आजकल सहरमा विदेशबाट आउने महँगो किनुवा उत्तम अन्न भनेर प्रयोग गरिन्छ। तर कर्णालीमा पाइने एक प्रकारको अन्न चिनोमा पनि पर्याप्त प्रोटिन र सूक्ष्म पोषकतत्त्व प्रयोग गरे किनुवा किन्ने पर्दैन।

**के मा कति प्रोटिन पाइन्छ ?**

लट्टेको दाना, गहुँ, जौं, फापर आदिमा पनि पर्याप्त प्रोटिन हुन्छ। जस्तो १०० ग्राम लट्टेको दानामा १५ ग्राम, फापरमा १० ग्राम, चिउरामा ६.६ ग्राम प्रोटिन पाइन्छ। चना, मुसुरो, मुग, बोडी, मास, राज्मा आदिमा त १०० ग्राममा २०-२५ ग्राम प्रोटिन पाइन्छ। भटमासमा त १०० ग्राममा ४३ ग्राम प्रोटिन पाइन्छ। थोरै मात्रामा प्रोटिन त फलफूलमा पनि पाइन्छ। जस्तो बेलमा प्रत्येक १०० ग्राममा ७.१ ग्राम प्रोटिन हुन्छ भने छोकडामा २.५ ग्राम, पाकेको केरामा १.२ ग्राम पाइन्छ।

# बिजुलीका खम्बा पुगे, पुगेन बिजुली

अमरगढी (डडेल्धुरा), ८ पुस। भागेश्वर गाउँपालिकाको लेकुडा गाउँमा सयौँ घरपरिवार वर्षौंदेखि बिजुलीको प्रतीक्षामा छन्। स्थानीय डम्मरी जोशीका अनुसार गाउँसम्म बिजुलीका खम्बा पुगे पनि विद्युत् आपूर्ति सुरु हुन सकेको छैन।

उहाँले चुनावका बेला पटक-पटक आश्वासन दिइए पनि काम अघि नबढेको गुनासो गर्नुभयो। उहाँले गाडिएका खमबा हाल कपडा सुकाउने र घाँस राख्ने थामोका रूपमा प्रयोग गरिरहेका बताउनुभयो। यस्तै भागेश्वर गाउँपालिकाकै ओडाखानका स्थानीय भिमबहादुर बुढामगरले बिजुली नहुँदा विद्यार्थीको पढाइ प्रभावित भएको बताउनुभयो। उहाँले मोबाइल चार्ज गर्नसमेत समस्या हुने गरेको र सोलार घाम लागेको दिन मात्र चल्ने समस्या रहेको बताउनुभयो।

डडेल्धुराका एक हजारभन्दा बढी घरधुरी अझै पनि विद्युत् सुविधाबाट वञ्चित रहेका छन्। जिल्लाका सातवटै स्थानीय तहका एक हजार २१ घरधुरीमा बिजुली नपुगेको नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्रले जनाएको छ।

सदरमुकाम रहेको अमरगढी नगरपालिकाभित्रका ६० घरधुरीमा अझै बिजुली पुगेको छैन। परशुराम नगरपालिकामा ३०८ घरपरिवार बिजुलीविहीन छन्। बसौटी, सलोन, हल्दवारी, रजौडा, सिमलवण्ड, कुँडालगायतका बस्तीमा विद्युत् सेवा पुगेको छैन।

आलिताल गाउँपालिकामा १८९ घरपरिवार, भागेश्वर गाउँपालिकामा १४८ घरपरिवार, नवदुर्गा गाउँपालिकामा ८५ घरपरिवार, अजयमेरु गाउँपालिकामा १०० घरपरिवार तथा गन्यापधुरा गाउँपालिकामा १३१ घरपरिवार अझै विद्युत् पहुँचबाहिर छन्।

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र डडेल्धुराका प्रमुख कपिल जोशीका अनुसार जिल्लाभर रहेका ३१ हजार १७२ घरधुरीमध्ये ३० हजार १५१ घरपरिवारमा विद्युत् पुगेको छ। बाँकी एक हजार २१ घरपरिवारमा विद्युतीकरण हुन बाँकी रहेको उहाँले बताउनुभयो। उहाँले सबै नागरिकलाई विद्युत् पहुँचमा पुऱ्याउने लक्ष्यअनुसार काम भइरहेको जानकारी दिनुभयो।

# सेन्ट्रल फाईनान्स लिमिटेडको
## २९ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०९/०९ गते

यस वित्तीय संस्थाको मिति २०८२ साल पौष ८ गते बसेको सञ्चालक समितिको ३६१ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको २९ औं वार्षिक साधारण सभा निम्न विषयमा छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति, समय र स्थान :**

मिति : २०८२ साल पौष ३० गते बुधबार (14th January 2026)
समय : बिहान १०.३० बजे
स्थान : सेन्ट्रल फाईनान्स लिमिटेड, केन्द्रीय कार्यालय भवन, कानदेवस्थान, कुपण्डोल, ललितपुर ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्ने वार्षिक प्रतिवेदन पारित गर्ने बारे ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०८२ साल असार मसान्तको वासलात तथा मिति २०८१/०४/०१ देखि २०८२/०३/३२ सम्मको नाफा नोक्सान हिसाव तथा सोही अवधिको नगद प्रवाहको विवरण पारित गर्ने बारे ।
३. लेखा समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

**(ख) विशेष प्रस्ताव**

१. संस्थाले अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा संस्थाले अन्य कुनै उपयुक्त संस्थालाई प्राप्ति (Accuisition) गर्ने सम्बन्धमा संस्थाको चल-अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मूल्यांकनकर्ता नियुक्त गरी निजको पारिश्रमिक तोक्ने तथा संस्था गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, हस्ताक्षर गर्ने, अन्तिम सम्झौता तयार पार्ने, हस्ताक्षर गर्ने लगायतका गाभ्ने/गाभिने तथा प्राप्ति गर्ने सम्बन्धी आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

**(ग) विविध**

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी जानकारी**

१. यस वित्तीय संस्थाको २९ औं वार्षिक साधारण सभाको लागि कम्पनीको शेयर नामसारी, दाखिला खारेज कार्य मिति २०८२/०९/१७ गते बन्द रहने छ । साथै शेयरधनी दर्ता पुस्तिका बन्द हुनुभन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडबाट कारोबार भई नियमानुसार नामसारी, दाखिल खारेज भई आएका शेयरधनीहरुले मात्र साधारण सभामा सहभागिता जनाउन सक्ने छन् ।
२. साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले हितग्राही (DMAT) खाता खोलिएका/शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ ।
३. वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान ९:३० बजेदेखि खुल्ला रहनेछ ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधिपत्र (प्रोक्सी फारमहरु) सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगाडि कार्यालय समयभित्र दर्ता गरी सक्नुपर्नेछ । संस्थाको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यसअघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फाराम संस्थाको केन्द्रीय कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वत: बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिइनेछ । प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफैं सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ ।
६. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्ने छन् ।
७. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइरहेका महानुभावहरुले सभामा भाग लिन प्रतिनिधि तोक्न सक्नु हुनेछ ।
८. कम्पनीको आर्थिक विवरण समयभित्र प्राप्त नभएमा शेयरधनी महानुभावहरुले कम्पनीको वेबसाइट www.centralfinance.com.np तथा केन्द्रीय कार्यालय भवन, कानदेवस्थान, कुपण्डोल, ललितपुरबाट प्राप्त गर्न सकिने छ ।
९. छलफलको विषय अन्तर्गत विविध शीर्षकमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषयमा साधारण सभाको मितिभन्दा कम्तीमा सात (७) दिन अगावै कम्पनीको कार्यालय मार्फत कम्पनीका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनुपर्नेछ ।
१०. शेयरधनीहरुले व्यक्त गरेको मन्तव्य वा जिज्ञासाको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले वा समितिबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन् ।
११. सभा सम्बन्धी अन्य जानकारीको लागि कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क गर्न अनुरोध छ ।

**सेन्ट्रल फाईनान्स लिमिटेड**
**CENTRAL FINANCE LIMITED**
*Serving Your Financial Needs*

केन्द्रीय कार्यालय: कानदेवस्थान, कुपण्डोल, ललितपुर, फोन नं. ०१-५९७०००५

---

## हार्दिक समवेदना



जन्म
२०११/१२/२३

निधन
२०८२/०७/२४

यस समूहका सदस्य शिक्षक राजेश भोयद्योकी ममतामयी आमा **मैया भोयद्यो**को असामयिक दु:खद निधन भएको आज ४५ औं दिन (लत्या:) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**शिक्षक सेवा आयोग तयारी समूह-२०७४**
भक्तपुर, नेपाल

---

**दोधारा...**

जनताको माझमा उदाङ्गाउने काम नेमकिपाले गर्दै आएको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं कैलाली संयोजक रमेशकुमार रावलले राजनीति गर्नु भनेको देश र जनताको नि:स्वार्थ सेवा हो भन्नुभयो । नेमकिपाले वर्गीय राजनीति गरिरहेको उल्लेख गर्दै शोषकवर्ग र अर्को शोषितवर्गबिच वर्गीय सङ्घर्ष भइरहने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा कञ्चनपुरका सदस्य एवं दोधारा चाँदनी नगर अध्यक्ष मिनु गिरीले देशको इमानदार र सच्चा कम्युनिस्ट पार्टी नेमकिपा हो भन्नुभयो । कार्यक्रममा आशा बुढा र जानकी देवी गिरीले पनि बोल्नुभएको थियो । आजै दोधारा चाँदनी नगरपालिका वडा नं ८ गैराबारीमा पनि भेटघाट कार्यक्रम भएको थियो ।

---

*'बचत गरौं भविष्य बनाऔं'*

# ख्वप बचत तथा ऋण सहकारी संस्था लि.

ब्यासी-२, भक्तपुर, फोन नं.०१-६६१९४६३

## १८ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको १८ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा सूचित गरिन्छ ।

**छलफलका विषयहरू**

- आ.व. २०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन ।
- आ.व.२०८१/८२ को आयव्यय तथा २०८२/०८३ को अनुमानित बजेट ।
- आ.व. २०८१/८२ को लेखा समितिको प्रतिवेदन ।
- आ.व. २०८१/८२ लेखा परीक्षकको प्रतिवेदन ।
- आ.व. २०८२/८३ को लागि लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
- निर्णय प्रमाणीकरणको लागि प्रतिनिधि चयन सम्बन्धमा ।
- विभिन्न नीतिहरू संशोधन सम्बन्धमा ।
- विविध

**कार्यक्रम**
**मिति** : २०८२/९/१२ गते, शनिबार
**समय** : बिहान ११:०० बजे
**स्थान** : बासु मावि, कासन ब्यासी, भक्तपुर

➢ यही २०८२ असार मसान्तसम्ममा नियमित बचत, ब्याज र ऋण तिर्न वा नवीकरण गर्न बाँकी सदस्यहरूलाई साधारणसभामा दिने सुविधा उपलब्ध गराउनेछैन ।
➢ साधारणसभामा उपस्थित शेयर सदस्यहरू, वृद्ध बचतकर्ता र बालबचतकर्ता सदस्यहरूलाई खाजा खर्च उपलब्ध गराइनेछ । खाजा खर्च बिहान ११:०० बजेदेखि दिउँसो २:०० बजेसम्म मात्र उपलब्ध गरिनेछ ।
➢ साधारणसभामा उपस्थित हुँदा अनिवार्य रूपमा परिचयपत्र वा पासबुक साथमा ल्याउनुपर्नेछ ।

***सञ्चालक समिति***

---

दर्ता नं. : १९२/०६४/०६५ "थोपा थोपा संचय, सुरक्षित भविष्य" पान नं. : ३०३२१२८७८

# अभियान बचत तथा ऋण सहकारी संस्था लि.
**Abhiyan Saving & Credit Co-Operative Ltd.**

कमलबिनायक-९, भक्तपुर, फोन : ६६१०१४६, E-mail : abhiyaansaccos@gmail.com

## १८ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

**आदरणीय शेयर सदस्यज्यूहरू,**

यस संस्थाको मिति २०८२ पुस ३ गते, बिहीबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस संस्थाको १८ औं वार्षिक साधारणसभा देहायका विषयमा छलफल तथा निर्णय गर्न तोकिएको मिति, स्थान र समयमा हुने भएकोले उपस्थितिको लागि सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा यसै सूचनामार्फत अनुरोध गरिन्छ ।

**साधारणसभा तथा औपचारिक कार्यक्रम:**
**मिति** : २०८२ पुस २६ गते, शनिबार
**समय** : बिहान ११:०० बजे
**स्थान** : अभियान साकोस भवन, कमलविनायक-९, भक्तपुर

**साधारणसभामा प्रस्तुत गर्ने छलफलका विषयहरू :**

१. आ.व.२०८१/८२ को वार्षिक प्रगति प्रतिवेदन तथा आगामी वर्षको नीति तथा कार्यक्रममाथि छलफल तथा निर्णय ।
२. आ.व. २०८१/८२ को आर्थिक प्रगति प्रतिवेदन र आगामी वर्षको अनुमानित बजेटमाथि छलफल तथा निर्णय ।
३. आ.व. २०८१/८२ को लेखा सुपरिवेक्षण समिति प्रतिवेदनमाथि छलफल तथा निर्णय ।
४. आ. व. २०८१/८२ को लेखा परीक्षण प्रतिवेदनमाथि छलफल तथा निर्णय ।
५. आ.व. २०८२/८३ को बाह्य लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण सम्बन्धमा ।
६. आ.व. २०८१/८२ को सञ्चालक समितिबाट भएका विभिन्न निर्णयहरू अनुमोदनको लागि प्रस्ताव गर्ने ।
७. आ.व. २०८१/८२ को लाभांश तथा संरक्षित पुँजी फिर्ता कोष फिर्ता वितरण सम्बन्धमा ।
८. १८ औं वार्षिक साधारणसभाको बैठक पुस्तिका प्रमाणीकरणको लागि प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
९. विविध ।

***साधारणसभामा उपस्थिति जनाउने तालिका बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म***

| मिति | सदस्यता नं. |
| --- | --- |
| २०८२ पुस २३ गते | सदस्यता नं. १ देखि १००० सम्म |
| २०८२ पुस २४ गते | सदस्यता नं. १००१ देखि १५०० सम्म |
| २०८२ पुस २५ गते | सदस्यता नं. १५०१ देखि सबै र छुटेकाहरू |
| २०८२ पुस २६ गते | साधारणसभा समापन |

**पुनश्च :**

१) साधारणसभामा उपस्थित हुँदा संस्थाको पासबुक वा कुनै फोटोसहितको परिचयपत्र अनिवार्य लिई आउनु होला ।
२) साधारणसभामा स्वयं उपस्थित हुने सदस्यहरूलाई मात्र पारवहन खर्च उपलब्ध गराइनेछ ।
३) ६ महिनाभन्दा बढी नियमित बचत नगर्ने सदस्यहरूलाई पारवहन खर्च उपलब्ध गराइनेछैन । त्यसैले साधारणसभा हुनु अगावै नियमित बचत गर्नुहुन अनुरोध गरिन्छ ।
४) नियमित ऋण किस्ता तथा भाका नाघेका ऋणी सदस्यहरूलाई पारवहन खर्च उपलब्ध गराइनेछैन ।

***सञ्चालक समिति***

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा